म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १४२ सोमबार १६ पुस २०८० ने. सं. ११४४ थिल्लागा 1 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडा सिटी कलेजमा खाना प्रदर्शनी

हेटौंडा, १५ पुस/हेटौंडा उपमहानगरपालिका-५, स्थित हेटौंडा सिटी कलेजमा खाना प्रदर्शनी भएको छ । बीसीए चौथो सेमेष्टरमा अध्ययनरत विद्यार्थीले आइतबार आयोजना गरेको खाना प्रदर्शनीमा कक्षा ११ र १२ मा होटल म्यानेजमेन्टमा अध्ययनरत विद्यार्थीले ४ वटा स्टल राखी खाना प्रदर्शनी गरेका हुन् ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमिता पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-५ का वडाध्यक्ष सुशील घिमिरेको प्रमुख आतिथ्यता रहेको थियो । विद्यार्थीमा रहेको अन्तरनिहित प्रतिभा प्रस्फोटन गर्ने, सहकार्यमा काम गर्न, प्रयोगात्मक सीपलाई व्यवहारमा उतार्न र नयाँ वर्ष २०२४ लाई लक्षित गरी शुभकामना आदान प्रदान गर्ने उद्देश्यले खाना प्रदर्शनी, सांगीतिक कार्यक्रम आयोजना गरेको क्याम्पसका प्रिन्सिपल श्रीबहादुर कार्कीले बताए । कार्यक्रममा विद्यार्थीले खेल प्रदर्शनी पनि राखेका थिए । हेटौंडा सिटी कलेज विभिन्न संकाय र  र जेनिथ विद्यालयतर्फ साढे ६ सयजना विद्यार्थी अध्ययनरत रहेको क्याम्पसका प्रिन्सिपल कार्कीले बताए ।

## संविधान राम्रो बनाए तर, काम राम्रो गरेनन् : डा.भण्डारी

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ प्रतिनिधिसभा सदस्य एवम् नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा सांसद डा.चन्द्र भण्डारीले यो देशको नेतृत्वले संविधान राम्रो बनाएको भएपनि काम भने राम्रोसँग गर्न नसकेकाले युवावर्गमा निराशा पैदा भएको बताएका छन् । डा. भण्डारीले युवा देशको भविष्य भएको र युवाले मुलुक बनाउन सक्ने बताएका हुन् ।

वीपी विचार समाज मकवानपुरको आयोजना तथा नेपाली कांग्रेस मकवानपुरको संयोजनमा ४८ औं राष्ट्रिय एकता तथा मेलमिलाप दिवसको अवसरमा आइतबार हेटौंडामा सम्बोधन गर्दै डा. भण्डारीले वी.पी सत्य र निष्ठाका नेता भएको बताउँदै वीपीसँग राष्ट्र बनाउने सपना रहेको बताए । सांसद भण्डारीले नेपाललाई आईटी र स्वास्थ्यको हब बनाएर समृद्ध बनाउनुपर्ने बताएका छन् । छिमेकी देशलाई आकर्षित गर्दै यसतर्फ लाग्नुपर्नेमा उनको जोड थियो । डा. भण्डारीले पोखरा र भैरहवा विमानस्थलको ऋण तिर्न नसक्ने अवस्था आएको भन्दै विकासको काम गर्दा देशको भुगोल अनुसार गर्नुपर्ने बताए ।

विदेशमा रहेका नेपाली युवाको रेमिट्यान्सलाई सदुपयोग गर्ने हो भने विश्व बैंक जस्ता दाता निकायबाट विकासका लागि ऋण लिनु नपर्ने बताएका छन् । डा. भण्डारीले विश्वेश्वरप्रसाद कोइराला आफ्नो दृष्टिकोणबाट कहिले पनि बिचलित नभएको नेताको रुपमा




रहेको बताए । वीपीको विचारलाई अनुशरण गर्न नजान्दा नेपालको राजनीतिले इमोसन दिन नसकेको बताउदै अब पुरानो ढर्राको राजनीतिक नेतृत्वबाट देश अघि नबढ्ने दाबी डा. भण्डारीको थियो । पद र प्रतिष्ठाका लागि मात्र नेताहरुले लुछाचुडी गरेको अवस्था देखिएको देशको गति अघि बढाउन युवालाई आशा जगाउने काम गर्नुपर्नेमा जोड दिदै डा. भण्डारीले युवालाई देश फर्कने वातावरण बनाउनसके मात्र वीपीको राष्ट्र बनाउने सपना पुरा हुने बताए ।

अहिले राजनीतिक दलका नेताहरुले राजनीतिको लागि मात्र राजनीति गरेको भन्दै समाजले चाहेको कुरामा राजनीतिक दृष्ट्रिकोण जानुपर्ने डा. भण्डारीको जोड थियो । पाईलैपिच्छे नेतालाई गलत गर्ने छुट नभएको भन्दै उनले लोकतान्त्रिक व्यवस्थाले भित्रिएको प्रविधिको सदुपयोग गर्न नसकेको अभिव्यक्ति दिए । युवाले परिवर्तन मागे पनि अहिलेको नेतृत्वले कार्यशैली परिवर्तन गर्न नसकेको बताउँदै उनले आधुनिक प्रविधिको शिक्षा जरुरी रहेको बताए ।

अहिले युवाले घुम्ती होईन सुरुङमार्ग खोजेको बताउँदै नेताहरुले आफू धनी भएर देशलाई गरिब बनाएको आरोप लगाए । भाषणले मात्र देश नचल्ने बताउँदै डा भण्डारीले प्राकृतिक स्रोतसाधनलाई अधिकतम प्रयोग गरी मुलुकमा देखापरेको समस्यालाई पार लगाउनुपर्नेमा जोड दिए । युवाले परिवर्तन माग्दा राजनीतिक दलले दिन नसक्नुको कारण नेताहरु अपडेट हुन नसकेको उनले आरोप लगाए । हामीले जनतालाई के दियौं ? युवाले खोजिरहेका छन् त्यतातिर देश हाक्नेको ध्यान नगएको भन्दै भौतिक विकास र मानवीय विकासको निमय बुझ्न नसक्नु नेताको कमजोरी रहेको बताए ।

हरेक पार्टीभित्र देखापरेको गुटले न पार्टी बलियो भयो न सम्बन्ध बढ्यो भन्दै डा. भण्डारीले गुटगत राजनीति अन्त्य हुनुपर्नेमा जोड दिए । नेताहरुले युवालाई देश फर्कने प्रतिवद्धता व्यक्त गर्न नसक्दा दिनहुँ विदेशिने युवाको लर्को लाग्नु स्वाभाविक भएको उनले बताए । विश्वमै राम्रो र समावेशी संविधान नेपालको रहेको बताउँदै यति राम्रो संविधान बनाउने नेतृत्वले कामचाहिँ किन राम्रो गर्न सकेनन् ? डा. भण्डारीको प्रश्न थियो । कमिशन र घुसखेरीले देश बिग्रको भन्दै निर्वाचन प्रणालीलाई परिवर्तन गर्नुपर्ने उनले बताए ।

कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य रामेश्वर राना, नेकपा (एस) का केन्द्रीय सदस्य मुनु सिग्देल, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य प्रल्हाद लामिछाने, वीपी विचार समाजका केन्द्रीय अध्यक्ष लोकेश ढकाललगायतले आफ्ना विचार राखेका थिए । वीपी विचार समाज मकवानपुरका अध्यक्ष विनोदचन्द्र ढकालको सभाध्यक्षतामा भएको गोष्ठीमा नेपाली कांग्रेस मकवानपुरका महासमिति सदस्य उमा दाहाल, पूर्वसभापति माइकल रामचन्द्र अर्याल, कार्यबाहक सभापति धर्मराज लामिछाने, नेकपा (एस) मकवानपुर अध्यक्ष विष्णु दाहाललगायत नेताको आतिथ्यता थियो ।

## पालुङ बहुउद्देश्यीय सहकारी अध्यक्षमा विष्ट

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ मकवानपुर थाहा नगरपालिकामा सञ्चालनमा रहेको पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्षमा कृष्णबहादुर बिष्ट निर्वाचित भएका छन् ।

अध्यक्ष पदमा ४ जनाले उमेद्वारी दिएकोमा ३ जनाले उमेद्वारी फिर्ता लिएपछि विष्ट सर्वसम्मत चयन भएका हुन् । निर्वाचन कार्यक्रम अनुसार पूर्वअध्यक्षहरु बिमलकुमार ढकाल, विष्णुहरि ढकाल र पुरुषोत्तम कार्कीले उमेद्वारी फिर्ता लिएको निर्वाचन अधिकृत सानोभाइ कार्कीले जानकारी दिए । विस २०५८ सालबाट पालुङ बहुउद्देश्यीय सहकारी संस्थामा प्रवेश गरेका विष्ट २२ वर्षपछि संस्थाको नेतृत्वमा पुगेका हुन् । विष्ट यसअघिको पुरुषोत्तम कार्की नेतृत्वको कार्यकाल (वि.सं. २०७५ देखि २०७९) का उपाध्यक्ष हुन् ।

अर्थशास्त्रमा स्नात्तकोत्तर गरेका विष्ट कक्षा ११ र १२ मा अध्यापन गराउँदै आएका थिए । उनी ४० वर्षदेखि पालुङको जनकल्यण माविमा अध्यापन गराउँदै आएका थिए ।

विष्ट वित्तीय क्षेत्रका लागि पनि अनुभवी व्यक्ति हुन् । अध्यक्षमा दावी गरेका विष्णुहरि ढकाल वि.सं. २०५६ देखि २०६६ सालसम्म दुई कार्यकाल अध्यक्ष भैसकेका थिए । उनी सामुदायिक सञ्चार सहकारी संस्था पालुङको समेतका अध्यक्ष हुन् । सहकारीले रेडियो पालुङ सञ्चालन गरिरहेको छ ।

उम्मेदवारी फिर्ता लिएका विमलकुमार ढकाल पनि दुई कार्यकाल वि.सं. २०६६ देखि २०७५ सम्म संस्थाका अध्यक्ष भइसकेका थिए भने अर्का उमेद्वार पुरुषोत्तम कार्की वि.सं. २०७५ बाट २०७९ सालसम्म एक कार्यकाल अध्यक्ष भैसकेका थिए । २३ औं साधारणसभाबाट निर्वाचित उमेश ढकालको ६ महिने कार्यकाल पश्चात् रिक्त भएको पदमा बाँकी करिब ६ महिना उपाध्यक्ष अरुण रायमाझीले कार्यकारी अध्यक्ष भई संस्थाको नेतृत्व गरेका थिए ।

संस्थाको २४ औं साधारणसभापश्चात् अध्यक्षको निर्वाचन कार्यक्रम सार्वजनिक गरी नयाँ अध्यक्षको रुपमा विष्ट सर्वसम्मत निर्वाचित भएका हुन् । ६ हजार ३ सय ८८ जना शेयर सदस्य रहेको पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको बज्रवाराही र हेटौंडामा सेवाकेन्द्र रहेको छ ।

## बकैयामा युवकले आफ्नै पेटमा हाने खुकुरी

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ मकवानपुरको बकैयामा एक युवकले आफैंलाई खुकुरी प्रहार गरेका छन् । बकैया-९ भुर्तेलडाँडाका स्थानीय अन्दाजी २२ बर्षीय संजिव थिङले आफ्नै घरभित्र पेटमा खुकुरी प्रहार गरेको मकवानपुरका प्रहरी प्रवक्ता डिएसपी लक्ष्मी भण्डारीले जनाएका छन् ।

घटना शनिबार अपरान्हको भएको जनाइएको छ । आफ्नै खुकुरी प्रहारबाट गम्भीर घाइते भएका थिङको उपचारको लागि हेटौडा ल्याइएकोमा उपचार सम्भव नभएपछि थप उपचारको लागि पुरानो मेडिकल कलेज चितवन पठाइएको छ । खुकुरी प्रहार गर्नुको कारण हालसम्म नखुलेको र घटनाको आवश्यक अनुसन्धान भइरहेको डिएसपी भण्डारीले बताएका छन् ।


ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

मेला हेर्न
बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०
हेटौंडा आऔं
पौष ५ गते देखि पौष १७ गतेसम्म
हेटौंडा-१०, टीसीएन चौर
स्टल बुकिङका लागि
९८५५०६८८७३, ९८५१०५३८०१

मुख्य आकर्षणहरु :
-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्वारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,

दैनिक विभिन्न खेलकुद प्रतियोगिता
खेल स्रष्टा सम्मानित



प्रवेश शुल्क
विद्यार्थी :रु ५०
सर्वसाधारण : रु७०

मुख्य आयोजक
मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौडा
आयोजक
औद्योगिक शान्ति नेपाल संस्था

साझाकुरा

## हाम्रो कुरा

# मकवानपुरे साहित्यमा पलाएको आशा

सामाजिक संजालको उच्चपहुँचका कारण नेपाली साहित्यलाई माया गर्ने संख्या घट्दो क्रममा रहेको छ । सामाजिक संजालले साहित्यका पाठक घटेका छन् । सामाजिक संजालमा रमाउने पुस्ता बढ्दै गएका कारण साहित्यका पाठक कम हुन थाल्यो । साहित्यमा रुची राख्ने पुस्ताको कमी हुन थाल्यो । यस्ता धेरै नकारात्मक टिकाटिप्पणी बजारमा सुन्ने गरिएको छ । तर, यति हुँदाहुँदै पनि साहित्य क्षेत्रलाई माया गर्ने मानिसहरुको कमी रहेन छ भन्ने उदाहरण साहित्य संगमले दिएको छ । बजारमा आर्थिक मन्दीले हरेक परिबारमा समस्या सृजना गरेको छ तर, फजुल खर्च कटाएर साहित्यलाई माया गर्ने मनकारीहरुलाई संगमले शनिबार सम्मान गरेको छ । साहित्य संगम मकवानपुरले ३३८ औं नियमित साहित्य सन्ध्या, रचनावाचन तथा संगमको नियमित गतिविधि सञ्चालनार्थ अक्षयकोष निर्माण अभियानमा सहयोगी दाताहरुलाई सम्मान गरेको हो ।

५ हजार रुपैयाँ भन्दा बढीको रकम उपलब्ध गराउने सहयोगी दातालाई सम्मान गरिएको हो । संगमको नयाँ कार्यसमिति चयनपछि वाचन, विमोचन, बहस, कार्यशाला लगायतका नियमित कार्यक्रम सञ्चालनका लागि दीगो अक्षयकोष बनाउन सकेमा संस्थाका गतिविधिले निरन्तरता पाउने हुँदा पहिलो चरणमा कूल ३ लाख ५३ हजार रुपैयाँ सहयोग गर्ने ५५ दाताहरु सम्मान गरिएको हो । बाँकी सर्जकहरुलाई दोस्रो चरणको कार्यक्रममा सम्मान गरिने तथा केही दाताहरुले नाम उल्लेख नगर्ने र सम्मान ग्रहण नगर्ने शर्तमा समेत सहयोग दिएका बताइएको छ । अहिले सय रुपैयाँ सहयोग गर्दा हजार रुपैयाँको प्रचारबाजी गर्ने समयमा पनि केही दाताले आफ्नो नाम गोप्य राख्न खोजेको कुरा पनि उदेकलाग्दो नै मान्न सकिन्छ । साहित्य संगमको यो अभियानमा सम्बन्धित वडाको साहित्यिक, शैक्षिक्लगायतका गतिविधि सञ्चालन र सञ्चारमा महत्वपूर्ण भूमिका खेलेका सबै साहित्यिक संस्थालाई आफ्नै कार्यक्रमका रुपमा अपनत्व लिँदै निरन्तर सरसहयोग र सहकार्य गर्दै आइरहेको र संगमको अभियानमा १० लाख रुपैयाँ पुऱ्याउने लक्ष्यमाथि नपुग रकम सहयोग गर्ने र कार्यक्रमलाई निरन्तरता दिलाउन सहयोग गर्ने वाचा वडाले पनि गरेको छ । सहयोगी दाताहरु सम्मानित भएको समाचारले आगामी दिनमा थप सहयोग संकलन हुने अपेक्षा संगमले लिएको छ । साहित्यका पाठक घटेको अनुभूति भइरहेको समयमा साहित्यलाई माया गर्नेको संख्या बढिरहेको देख्न पाउनु पनि सुखद नै मान्न सकिन्छ ।

साहित्य सृजना गर्ने सर्जकले बजारमा के कुराको खोजी भइरहेको छ भन्ने कुरा पनि अध्ययन गर्नु जरुरी हुन्छ होला । नेपाली साहित्य अहिले आधुनिकतातर्फ उन्मुख भएको छ । तर, हाम्रो समाजलाई पूर्णरुपमा चित्रित गर्ने खालको साहित्य भने अझै आइसकेको छैन । हाम्रो समाज र जीवनमा यति धेरै विषय छन् जो कुनै सर्जकले कतै छोएका छैनन् । हामी कथाको खोजीमा आँगन अगाडि उपलब्ध कथा कुल्चिएर अन्यत्रै धाइरहेका छौं । नेपाली साहित्यमा प्रेम, यौन र युद्धले धेरै स्थान पाएको छ र यस बाहेक कमै सृजना गरिन्छन् । सर्जकले त्योभन्दा बाहिर पनि प्लट छ भन्ने कुरा याद गरेमा नेपाली साहित्यले अर्को खुड्किलो चढ्न सक्छ । साहित्यले समाज बुझ्न सक्नुपर्छ अनिमात्र पाठकले मन पराउछन् भन्ने मान्यता छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० पुस १७ गते मंगलबार, २ जनवरी २०२४ । षष्ठी, पौष कृष्णपक्ष । थिलागा ११४४ ने.सं. । सूर्योदय ६:५६, सूर्यास्त ५:१९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : साझेदारी कार्यमा विवाद | **तुला** | : स्थानान्तरण हुनसक्ने |
| **वृष** | : दैनिक आयमा कमी | **वृश्चिक** | : दुस्चिन्ताले पिरोल्ने |
| **मिथुन** | : मांगलिक कार्य सम्पादन | **धनु** | : यात्रामा भयले सताउने |
| **कर्कट** | : कार्यमा बाधा | **मकर** | : उपचार खर्च वृद्धि हुने |
| **सिंह** | : आकस्मिक लाभ हुने | **कुम्भ** | : मानसम्मान मिल्ने |
| **कन्या** | : अर्थहानि हुने | **मीन** | : जोस एवम् जांगर बढ्ने |

# श्रमिक बेच्ने देश र अस्तित्वको संकट



✍ केशव आचार्य

धनी देशहरूका लागि सस्ता र अल्पकालीन श्रमिक खरिद गर्ने बजारका रूपमा नेपालको परिचय झन्-झन् गाढा हुँदैछ । श्रमिक आपूर्ति र विप्रेषणमा आधारित अर्थतन्त्रको चक्रमा फसेको नेपाल आज झन् शिथिल र दयनीय अवस्थामा छ । यस समस्यालाई अर्थशास्त्रीय, समाजशास्त्रीय वा मनोवैज्ञानिक दृष्टिकोणले केलाउन र यसको समाधानको उपाय खोज्नमा प्रशस्त अध्ययनको आवश्यकता छ ।

श्रमिक आपूर्ति गर्ने नेपालको 'गौरवशाली' इतिहास दुई शताब्दीभन्दा लामो हो । यो अवस्थाले आज भयावह रूप धारण गर्नमा भने केही 'फ्याक्टर'ले काम गरेका छन् ।

पहिलो फ्याक्टर हो- नेपालले सुधार्न नसकेको शिक्षा क्षेत्र जसले यस देशको मानव क्षमतालाई तहसनहस बनाएको छ । नेपालका विद्यालय र विश्वविद्यालयको पठन-पाठन र गुणस्तर यति दयनीय छ कि यहाँबाट दीक्षितहरूमा अपवादबाहेक अहिलेको विश्व परिवेशलाई बुझ्ने र त्यसका चुनौती सामना गर्ने क्षमता छैन । सर कारी शिक्षण संस्थाबाट प्रदान गरिने शिक्षाको अवस्था त खराब छँदैछ, नेपालका निजी विद्यालय र विश्वविद्यालय पनि गुणस्तरको मामिलामा समग्रमा दयनीय अवस्थामै छन् ।

नेपालको शिक्षा क्षेत्र कतिसम्म समस्याग्रस्त छ भनेर बुझ्न कक्षा १० अघि र पछि हुने स्कुल ड्रपआउटको प्रतिशत गणना गर्न सकिन्छ । उच्चमाध्यमिक र विश्वविद्यालय तह पूरा गर्ने विद्यार्थीले हासिल गर्ने शिक्षाको गुणस्तर निरन्तर वृद्धि हुनुपर्नेमा निरन्तर खस्केको छ । यसको प्रतिविम्ब नेपालको सार्वजनिक वृत्तमा हुने बहस, वादविवादमा आजभोलि प्रष्ट देख्न सकिन्छ ।

व्यावसायिक शिक्षा पनि उस्तै दयनीय अवस्थामा छ । नेपालमा यो कति कमजोर छ भनेर बुझ्न राज्यले चलाएको सीटीईभीटीको दुरवस्थालाई हेरे मात्र पनि पुग्छ ।

उपयुक्त शिक्षा र दक्षताको अभावमा उद्यमशीलताको आशा गर्न सकिन्न । यस्तो अवस्थामा मानिसले रोज्ने उपाय दक्षता नचाहिने वा कम भए पनि पुग्ने खालका रोजगारीका अवसर नै हुन् । दशकौंदेखि चरम दलीयकरण, नातावाद, कृपावाद, सिफारिस संस्कृतिले तहसनहस पारेको शिक्षा क्षेत्रलाई आजको दुरवस्थाका लागि 'धन्यवाद' दिनैपर्ने हुन्छ ।

शिक्षा क्षेत्र सुधारका नाममा राज्यको स्रोत र रकम ऋणबापत लिइएको रकमबाट अहिलेसम्म जेजस्ता कार्यक्रम सञ्चालित भए ती सबै असफल भएको स्वीकार गर्न र यस क्षेत्रलाई नयाँ ढङ्गले पुनर्संरचना गर्नमा ढिलो गर्न हुन्न ।

नेपाल अदक्ष श्रमिक आपूर्ति केन्द्रमा परिणत हुने दोस्रो फ्याक्टर हो, यहाँको अर्थ-राजनीति । यस देशको अर्थतन्त्र निश्चित जात, वर्ग, घराना र तिनीहरूका अपारदर्शी र अनैतिक स्वार्थको वरिपरि घुमेको छ । आयात-निर्यातका ठूला धन्दा गर्ने, बैंक चलाउने, शेयर बजार आफ्नो स्वार्थ अनुसार म्यानुपुलेट गर्ने, करका दर तोक्न चलखेल गर्ने एउटा सीमित नेक्सस नेपालको अर्थतन्त्रमा हावी छ जसले दलका नेतासँगको मिलेमतोमा आर्थिक सुधारका सम्भावनालाई पर धकेल्न सकेसम्म प्रयास गरिरहन्छ ।

नेपाली समाजमा जेजस्तो जातीय उँचनीच र असमावेशिताले घर बनाएको छ, त्यसको प्रभाव भनौं वा प्रतिविम्ब अर्थतन्त्रमा पनि उत्तिकै गाढा छ । सीमित व्यक्ति र समूहको कब्जामा रहेको नेपालको अर्थतन्त्र सकेसम्म अरूलाई ठग्ने र लाभका अवसरबाट अरूलाई बाहिर राख्ने मानसिकताको जगमा उभिएको छ । ठूला व्यापारी र व्यवसायीले संरक्षण गरेको यो मानसिकताको प्रभाव प्राय: सबै क्षेत्र र तहमा छ ।

राज्यको नीतिगत कमजोरीका कारण सेवा र वस्तु उत्पादन गर्ने व्यापार व्यवसायमा लगानी कम छ । व्यापार व्यवसायको ठूलो हिस्सा अरू देशका सामान ल्याएर बेच्ने र त्यस्ता सामानको तस्करी गर्ने प्रकृतिका गतिविधिले ओगटेका छन् । यस्ता व्यवसायले रोजगारी सिर्जना गर्दैनन् भन्ने सबैलाई थाहा छ तर, यसको पर्वाह राज्यलाई छैन किनकि राज्य चलाउने कर्मचारी र नेतालाई यस्तै अपारदर्शी व्यवसायबाट प्रत्यक्ष फाइदा छ ।

वस्तु र सेवा उत्पादन गर्ने जेजस्ता उद्यमशीलता छन् तिनमा पनि पारदर्शिता र व्यावसायिकताको चरम अभाव छ ।

यसको एउटा उदाहरणका लागि काठमाडौंको ट्याक्सी सेवालाई हेरौं । यो सम्भवत: दक्षिणएसियामा सबैभन्दा महँगो भइकन पनि यहाँ चल्ने ट्याक्सी सबैभन्दा कम सुविधायुक्त र बढी थोत्रा छन् । एपमा आधारित ट्याक्सी सेवा दिने चालकले समेत खुल्लमखुला ग्राहकसँग तोकिएको भन्दा बढी पैसा लिन मोलमोलाइ गर्छन्, गत कात्तिक महिनामा पठाओ प्रयोग गर्दाको यो मेरो आफ्नै अनुभव हो ।

ट्याक्सी सेवा एउटा उदाहरण मात्र हो । खुद्रा सामान बेच्ने सुपरमार्केट, रेस्टुरेन्ट, रियलस्टेट, सबै क्षेत्रमा व्यावसायिक संस्कृतिको चरम अभाव छ । यस्तो अपारदर्शी र अव्यावसायिक अभ्यासले न यथेष्ट रोजगारी सिर्जना गर्न सक्छ न त श्रमिकलाई सुरक्षा दिन ।

साना तथा मध्यमस्तरका सेवामूलक र उत्पादनशील व्यापार व्यवसायहरू अर्थतन्त्रका मेरुदण्ड र रोजगारीका स्रोत हुन् । यस्ता व्यापार व्यवसायको प्रवर्धन गर्न र तिनीहरूलाई व्यवस्थित बनाउन नीतिगत सुधारको आवश्यकता पर्छ जुन नेपालको अर्थ-राजनीतिको केन्द्रमा बस्नेहरूको प्राथमिकतासँग मेल खाँदैन । नेपालको राज्य व्यवस्थामा ठूला व्यापारी नै प्राथमिकतामा छन् जसको मुख्य धन्धा भनेको अरू देशमा बनेका सामान नेपालमा ल्याएर बेच्ने र कर ठगीका आधारमा अकुत सम्पत्ति जम्मा गर्ने हो ।

रोजगारीको सिर्जना हुन नदिने अर्को महत्वपूर्ण फ्याक्टर श्रमशक्तिको व्यवस्थापन र श्रमिकको सुरक्षामा राज्यको बेवास्ता हो । विद्यमान श्रमशक्तिको पहिचान, आवश्यक दक्षताको प्राथमिकीकरण, विभिन्न क्षेत्रमा श्रमिक परिचालनको अवस्था र रोजगारी प्रवर्धनका लागि आवश्यक नीतिगत र व्यावहारिक सक्रियता राज्यले देखाउनुपर्ने हो ।

उदाहरणका लागि हाल नेपालमा सञ्चालित पूर्वाधारका योजनामा देशमा विद्यमान श्रमशक्ति परिचालनको अवस्था के छ ? भन्ने तथ्याङ्कसम्म पनि सरकारसँग छैन । विकास निर्माण वा वस्तु तथा सेवा उत्पादनका क्षेत्रमा अन्य देशका श्रमिकले रोजगारी पाइरहँदा राज्य भने आफ्ना नागरिकलाई वैदेशिक रोजगारीमा पठाउन सहजीकरण गरिरहेको छ ।

श्रम र श्रमिकको भूमिकालाई हेर्ने-बुझ्ने कुरामा पनि प्रशस्त समस्या छ । नेपालका ठूला व्यापारी र उद्योगीले श्रमिकको शोषण र अपमानलाई स्थापित र सर्वस्वीकार्य बनाएका छन् । श्रमिकलाई समस्याका रूपमा बुझ्ने मानसिकता हावी छ । नेपालमा उद्योगधन्दाको विकास र देशको आर्थिक प्रगति हुन नसकेको श्रमिकले गर्ने अवरोधका कारणले हो भन्ने भाष्य स्थापित गरिएको छ जसलाई नीतिनिर्माता, अर्थशास्त्री र जान्नेसुन्नेले अनक्रिटिकली स्वीकार गरिदिएका छन् ।

श्रमको सम्मान नगर्ने, श्रमिकलाई आधारभूत सुरक्षा नदिने तर अर्थतन्त्र बलियो भएन भनेर गुनासो गरिरहने नेपालको सम्भ्रान्त वर्गको कहिल्यै नसुेको प्रवृत्ति हो । यही प्रवृत्ति हावी हुनाले श्रमिकले भोगिरहेको असुरक्षा अन्त्य गर्ने र उनीहरूको भूमिका सबल बनाउने नीतिगत प्रयास भएको छैन ।

सामाजिक सुरक्षा कार्यक्रम नाम मात्रको छ । यसले दलका नेतालाई भाषण गर्ने बहाना त दिएको छ तर श्रमिकलाई आवश्यक स्वास्थ्य सेवा, रोजगारीको निरन्तरता र आर्थिक सुरक्षा दिन सकेको छैन ।

कम्युनिस्टहरूको हालीमुहाली भएको देशमा श्रम र श्रमिकहरू अर्थव्यवस्थामा सबैभन्दा कम महत्त्वपूर्ण मानिएका मात्र छैनन्, आर्थिक विकासको अवरोधका रूपमा पनि चित्रित भएका छन् । श्रमिक भएर बाँच्नै गाह्रो हुने देशबाट मानिसहरू श्रम बेच्न विदेशिन बाध्य हुने नै भए ।

मलाई लाग्छ नेपालबाट मानिसहरू सकेसम्म विदेश जान र उतै बस्न खोज्ने प्रवृत्तिको एउटा कारण रोजगारीको अवसर हो, तर यो मात्र सम्पूर्ण कारण होइन । मानिसहरू र विशेषगरी युवा वर्ग किन विदेश जान खोजिरहेको छ भनेर बुझ्न गम्भीर अध्ययन-अनुसन्धानको आवश्यकता छ । व्यवस्थित अध्ययन-अनुसन्धान विना गरिने तर्क अनुमान मात्र हुन् ।

मेरो अनुमान के हो भने सूचना-प्रविधि र त्यसमा पनि सोसल मिडियाबाट बाहिरी विश्वसँग जोडिएको युवा वर्गले नेपालको गौरव गर्न लायक विशिष्टता देख्न छोडेको छ । अहिलेसम्म जे-जस्ता मानकले नेपाल र यो देशको नागरिक हुनुको अर्थ जोगाएर राखेका थिए ती मानकले सान्दर्भिकता गुमाउन थाले । देश र सार्वभौमिकतामा विश्वास गर्नेहरूका लागि यो ठूलो चिन्ताको विषय हो ।

व्यक्तिगत रूपमा म राष्ट्र, राष्ट्रियता, सीमाना, झन्डा आदित्यादिमा विश्वास गर्दिनँ । तर, 'नेपाल देश राम्रो हो र नेपाली हुनु गर्वको कुरा हो' भन्ने बुझाइमा जो मानिसहरू रमाइरहेका थिए उनीहरूमा आज देशप्रतिको वितृष्णा किन बढेको छ ? यो प्रश्नमा राष्ट्र बनाउने र चलाउने जिम्मेवारीमा रमाउनेहरूले गम्भीर भएर सोचेको राम्रो ।

आज जसरी मानिसहरू देशमा बस्न अनिच्छुक भएर विदेश हिंडिरहेका छन् त्यसमा व्यक्ति वा उसको बुझाइ वा प्राथमिकतालाई दोष दिनु गलत हो । समस्याको जड राज्य र यसको तौरतरिका हो र समाधान खोज्ने जिम्मेवारी पनि उसकै ।

हुन सक्छ यसका कतिपय कारण नेपालका विशिष्ट नभएर विश्वव्यापी प्रवृत्ति हुन् तर मलाई लाग्छ नेपाली राज्यको साँघुरो, असमावेशी, अव्यावसायिक र अक्षम ढाँचा, तौरतरिका र मानसिकता आजको प्रतिस्पर्धात्मक विश्व परिवेशमा 'फिट' छैनन् । नेपाली राज्य सबै नागरिकलाई समान अवसर, सम्मान र सुरक्षा दिन असफल भएको छ ।

यसै कारण आज नेपाल राज्य अधोगतिमा छ । यसको समाधान टालटुले गफ होइन आमूल सुधार मात्र हो ।

*(साभार: अनलाइनखबर)*

# नेपाली समाजको बौद्धिक दुर्व्यसन

✍ विष्णु सापकोटा

लेखको सुरुआत एउटा 'हाइपोथेसिस' बाट गरौं । एक हिसाबले दशकौंदेखिका सदाबहार जस्ता तर केही महिनायता झन् घना भएर चलिरहेका नेपालको सार्वजनिक वृत्तका बहसहरूको अवलोकन गरेपछि पंक्तिकारले निकालेको निष्कर्ष हो– आम रूपमा नेपाली 'बौद्धिक समाज' ले सोच्नै जान्दैन ।

सोच्न त जान्नुपर्ने विषय नै होइन, यो त प्रत्येक जीवित मानिसले आफैं गर्ने प्रक्रिया हो भन्ने तपाईंलाई लाग्न सक्छ । हो, सत्रौं शताब्दीमै प्रख्यात फ्रान्सेली दार्शनिक डेकार्टले भने जस्तै, 'हामीले सोच्छौं, तसर्थ हामी अस्तित्वमा छौं ।' तर केवल सोच्नु र सोच्ने कुरा कसरी सोच्ने भन्ने विषय अलग हुन् । नेपाली 'बौद्धिक समाज' सोचाइको यस्तो दुर्व्यसनमा फसेको छ कि त्यसले बृहत् समाजलाई नै आक्रान्त पार्ने भूमिका खेलेको छ ।

यो विषय केही 'प्रोभोकेटिभ' छ । त्यसैले शुरुमै एक-दुइटा 'व्याख्यात्मक टिप्पणी' पनि पेस गरिहालौं । बुझाइको सजिलोका लागि 'बौद्धिक समाज' भन्नुपरेको भए पनि, यसो भन्दा स्वाभाविक रूपमा एउटा सामान्यीकरण भइहाल्छ । मानौं सबै जना त्यस्तै छन् । यस स्तम्भले सार्वजनिक वृत्तमा सधैंजसो सक्रियजस्ता देखिने पढेलेखेका, पेसागत समुदाय र बोलीचालीको भाषामा बुद्धिजीवी भनिने केही समूहलाई इंगित गर्छ जसले हरदम देशको मात्र चिन्ता गरेका देखिन्छन् । र तीमध्ये धेरैलाई अक्सर 'देशभित्र' को कुनै पनि नीति र विषयको खासै चिन्ता त हुँदैन तर देशको चाहिँ चिन्ता भइराख्छ । दुनियाँको कुनै पनि कुराको चिन्ता गर्ने कसैको नैसर्गिक हकप्रति अरुले औंला उठाउन त मिल्दैन, तर यी पंक्तिका व्यक्तिहरूले सोच्न जानेका विषयहरू यस्ता मात्र छन्, जसलाई किन उनीहरूको बौद्धिक दुर्व्यसन नभन्ने भनेर प्रश्न गर्नु बृहत् समाजको स्वास्थ्यका लागि अनिवार्य भएको छ । अब लागौं केही उदाहरणसहित यो 'हाइपोथेसिस' लाई व्याख्या गर्न ।

दु:खका साथ भन्नुपर्छ– नेपाल अहिले जहाँ छ त छँदै छ, यो 'देश बनाउने' प्रतिस्पर्धामा आगामी दिनमा पनि हामीले धेरै राम्रो गर्ने लक्षण देखिँदैन । राष्ट्रहरू आधुनिक रूपमा बनेको यतिका शताब्दीपछि यस्तो तथ्य त सम्झिराख्नु नै नपर्ने हो । तर विडम्बना के छ भने, बौद्धिक दुर्व्यसनमा परेको वृत्तले देश भन्ने चिज बनेको किन हो या यो मानिसलाई किन चाहिने हो भन्ने नै सोच्न सक्दैन । ठाउँविशेषमा बस्ने जनताले बाँच्ने जीवनमा सहजता थप्न देश चाहिएको हो भन्ने आधारभूत सत्य नै उसले बुझ्दैन । बस्ने ठाउँ सहज भएन भने जनतामध्ये सक्नेजति अर्को गतिलो ठाउँ खोजेर हिँड्छन्। मानव इतिहासको कम्तीमा दस हजार वर्षदेखिका प्रमाणहरूले यही भन्छन् । हुनुपर्ने जीवनका लागि देश हो तर नेपालमा देशका लागि जीवन भएको छ । आफू धरतीमा आएकै देश बनाउन र 'जनताका लागि गर्न' भनेर सोच्नेहरूले यस्ता कुरा बुझ्ने 'कोगिनटिभ' क्षमता नै गुमाएका हुन्छन् । त्यसैले उनीहरूले पनि बुझ्ने भाषामा केही उदाहरण लिऔं ।

विगत तीन दशकमा तपाईंलाई कुनै एउटा वर्षको याद छ जहाँ यिनीहरूले 'नेपाल अहिले भूराजनीतिक रूपमा निकै संवेदनशील स्थितिमा छ' नभनेका होऊन् ? यतिका समयमा तपाईंलाई कुनै एउटा महिना याद छ जसमा यिनीहरूले नेपालको प्रमुख समस्या भ्रष्टाचार हो नभनेका होऊन् ? टेलिभिजनका 'लोकप्रिय टक सो' हरू र 'वरिष्ठ' पत्रकारहरूले चलाउने मिडिया प्लेटफर्महरूमा तपाईंले सुन्ने 'कन्टेन्ट' हरू कत्तिको याद गर्नुभएको छ ? त्यहाँ देश, व्यवस्था, भूराजनीतिजस्ता विषयबाहेक अर्को 'कन्टेन्ट' बारे, कुनै नीतिबारे कहिल्यै छलफल हुन्छ ?

बाटादेखि घाटसम्म सबैलाई थाहा छ, भ्रष्टाचार घटाउने जिम्मा कुनचाहिँ आयोगको हो भनेर । सबैले भन्छन्– पार्टी चलाउने भ्रष्टाचार गरेर, अनि आफैंले भागबन्डामा आ-आफ्ना आयुक्तहरू नियुक्त गरी भ्रष्टाचारको अनुसन्धान नै रोक्ने वा गर्न लगाएर चोख्याउने । त्यसबाट पनि जोगिन मन्त्रिपरिषद्‌बाट निर्णय गराउने त भइहाल्यो । अर्थात्, जनताले चुनेका प्रधानमन्त्री र तिनका मन्त्रीहरूको काम भ्रष्टाचार घटाउने हुनु नपर्ने । पार्टीहरूको काम आ-आफ्ना भ्रष्टहरूलाई जोगाउनेमा हुने, अनि देशमा भ्रष्टाचार घट्छ ? देशका सडकहरू राम्रोसँग बन्छन् ? देशले 'इन्फ्रास्ट्रक्चर' मा फड्को मार्छ ? त्यसैले विषय के हो भने, अहिलेको जस्तो अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट अब भ्रष्टाचार बरु बढ्ने भयो, घट्ने होइन । के गरौं, कस्तो कानुन बनाऔं भनेर सार्वजनिक वृत्तमा छलफल हुनुपर्ने होइन ? अर्को सबैभन्दा बढी भ्रष्टाचार अदालतहरूमा हुन्छ भनिन्छ । न्यायपरिषद्‌जस्ता निकायहरू यस्ता विषयमा लगभग निकम्मा छन् पनि भनिन्छ । अब के गर्ने त भनेर सार्वजनिक वृत्तमा बहसमा भाग लिन सक्ने उच्च तहका राजनीतिकर्मी कति होलान् अहिले देशमा ?

कतिपय उदाहरण त दोहोऱ्याउन पनि लाज लाग्छ । जस्तो, यसो सोचौं त यो देश भन्ने चीज किन बनेको होला जसले जनताले आफ्नै पैसा तिरेर गाडी चलाउने सवारी अनुमतिपत्र लिन्छुभन्दा पनि वर्षौंसम्म छाप्नसम्म सक्दैन ! सोचौं त, धेरैभन्दा धेरै जनताले दैनिक सेवा लिनुपर्ने सरकारी संस्थाका सर्भरहरू किन प्रत्येक अर्को हप्ता डाउन हुन्छन् ? संसारमा नेपालमा मात्रै 'डाउन' हुने सर्भरहरू कुन देशमा बन्छन् होला ? किन नेपालले त्यस्ता मात्र सर्भरहरू राख्छ होला ? नेपालजस्ता देशका मात्रै सडकहरूमा पिच गर्दा किन दायाँबायाँ किनारमा, धूलोका लागि भनेर खाली ठाउँ छाडिन्छ होला ? संसारका त्यति ठूला सहरहरूमा नउड्ने धूलो कुनचाहिँ भूराजनीतिक षड्यन्त्रका कारण नेपालमा मात्र उड्छ होला ? सहकारीको नाममा चलिरहेको धन्दाका कारण लाखौं सोझा जनताको अर्बौं रकम डुबिरहेको कति भइसक्यो, तर यसलाई कसरी नियमन गर्ने भनेर कानुन बनाउन नेपालमा मात्रै नसकिने के भएर होला ? यस लेखले यस्ता विषयबारे चर्चा गर्न खोजेको होइन, चर्चा गर्न खोजेको किन यस्ता विषयहरूमा नीतिगत बहस हुँदैन भन्ने हो । र त्यसको जवाफ हो– यस्ता विषयमा बहस गर्न धेरथोर बुद्धि चाहिन्छ । यस्ता विषय देश, भूराजनीति, व्यवस्थाजस्ता सजिला कहाँ हुन् र ?

एउटा थप उदाहरण हेरौं, राजावादीहरूको । नेपालका विश्वविद्यालयहरूको हालत कति दयनीय छ भनेर चर्चा गर्न धेरै विज्ञता नै चाहिँदैन । मानौं, यिनीहरूले भने जस्तो व्यवस्था आयो रे । अनि के गर्ने त विश्वविद्यालय बनाउन ? देशको विकास गर्ने त्यस्ता उपायहरू छन् भने अहिले नै सार्वजनिक गर्न उनीहरूलाई कसले रोकेको छ ? कि आफूले भनेको व्यवस्था आएपछि सबै कुरा आफैं ठीक हुँदै जान्छ जसरी माओवादीले २०६२-६३ सम्म भनेका थिए ? राजावादीहरू भन्छन्– राजा र हिन्दु राज्य भएपछि सब राम्रो हुन्छ (पहिले कस्तो थियो भन्ने पनि छाडौं), कांग्रेस भन्छ– आफूले एक्लै गर्न नपाएर हो (उसको एक्लै हुँदाको पनि छाडौं), एमाले भन्छ– फेरि केपी ओली नै चाहिने भयो (उनले केके बिगार्न सक्छन् भन्ने पनि छाडौं) ।

नयाँ आएका र आउन लागेकाले त भन्ने नै भए, पहिलेकाले भएन त्यसैले हामी आउनुपऱ्यो । यी सबैका दाबीहरू एक छिनलाई मानिदिऔं । त्यसो भए भन न त, उदाहरणका लागि, त्रिभुवन विश्वविद्यालयलाई के गर्छौ ? विषयान्तर गर्ने चेष्टा नगरीकन कुनै अन्तर्वार्तामा बोल्न सक्छौ पन्ध्र मिनट ? नेपालको सार्वजनिक सेवालाई सुधार्न, कुनै एउटा सेवाको उदाहरण लिएर, दस मिनेट बोल्न आउँछ ? सायद आउँदैन । किनकि यस्ता विषयमा बोल्न त सोच्न जानेको हुनुपर्छ । व्यवस्था, साम्राज्यवाद, क्रान्ति, समाजवाद, पुँजीवादजस्ता शब्दावलीको प्रयोग गर्न कुनै खास विज्ञता चाहिँदैन । बुद्धि चाहिने भनेकै जनताको जीवनमा दैनिक जोडिने विषयमा आफूले के गर्छु भन्नका लागि हो, चाहे तपाईं साम्यवादी हुनुहोस् या पुँजीवादी, हिन्दुवादी या समाजवादी ।

पुराना राजनीतिकर्मी त शताब्दी पहिलेका शास्त्रका ठेलीअनुसारका प्रशिक्षण लिएर हुर्केका भए जसलाई दशकौं पहिले घोकाइएका सूत्रबाहेक अरू सोच्न आउँदैन रे ! यस्तो स्थितिमा, कांग्रेसमा विगत पाँच वर्षमा नयाँ सदस्यता लिनेहरू कोको होलान् ? के सोचेर तिनीहरू शेरबहादुर देउवाको दलको सदस्य हुन आएका होलान् ? तपाईं-हाम्रो जीवनलाई सुखी बनाइदिऔं भनेर तिनीहरूले राजनीतिको संघर्षपूर्ण बाटो किन रोजेका होलान् ?

एमालेको सदस्य हुन आउने कुनै नयाँ युवा जीवनमा के प्राप्त गर्न त्यो छहारीमा आएको होला ? किन उसलाई एकाएक आफ्नो व्यक्तिगत जीवन समाजका लागि अर्पण गर्न मन लागेको होला ? माओवादी, समाजवादीदेखि नयाँ खुलेका दलहरूसम्ममा आबद्ध हुन जानेहरूलाई त्यस्तो गर्न प्रेरणा दिने अन्तर्मनको स्रोत के होला ?

आधारभूत प्रश्नबाट भाग्ने समाज आधारभूत रूपमै पछि पर्नु स्वाभाविक हो । जस्तो, नेपालको भुराजनीति फेरिनेवाला छैन । भारत र चीनमा जोजो नेतृत्वमा आए पनि उनीहरूको मूल उद्देश्य सधैं नेपालजस्ता महात्माहरूको देशलाई कति आफ्नो फाइदामा नचाउने भन्ने नै हुनेछ । संसारका शक्तिशाली देशहरूको घर्षणले आफैं फेरिँदै जाने प्रक्रिया एउटा भयो, नेपालले खुरुखुरु 'आफ्नो देश आफैं बनाऔं' भन्नेबाहेक संसारमा अरू हामीले जे गरे पनि कुनै फरक पर्नेवाला छैन । नेपालका मार्क्सवादी र सबै दलका समाजवादीले जति कल्पे पनि उनीहरूको जीवनकालमा पुँजीवादको प्रभुत्व झन् बढ्नेछ, घट्ने छैन । साम्राज्यवादका आयाम केही फेरि एलान् तर त्यसमा नेपालको कुनै भूमिका हुनेवाला छैन ।

*(साभार: ई-कान्तिपुर)*

# एनसेल प्रकरणमा संसदीय समितिहरुको तँछाडमछाड

काठमाडौं/एनसेलको शेयर खरिद-बिक्रीको सम्बन्धमा प्रतिनिधिसभाका चार वटा विषयगत समितिले छलफल चलाइरहेका छन् । यस सम्बन्धमा मंसिर २० गते प्रतिनिधिसभाको अर्थ समिति र सार्वजनिक लेखा समितिले छलफल चलाए । त्यस दिन अर्थ समितिले शेयर खरिद-बिक्रीका सम्पूर्ण विवरण नियामक निकायसँग माग गर्ने निर्णय गरेको थियो । अहिले यो समिति प्राप्त विवरण माथि अध्ययन गरिरहेको छ ।

मंसिर २० गते नै सार्वजनिक लेखा समितिले पनि शेयर स्वामित्व हस्तान्तरण रोक्न र मौजुदा कानुन संशोधन गर्न सरकारलाई दिर्नेशन दियो । सो निर्देशन कार्यान्वयनको सम्बन्धमा अहिले समितिको चासो छ । नियामक निकायले दिएका विवरण लेखा समितिले पनि प्राप्त गरेर अध्ययन गरिरहेको छ ।

दुई वटा समितिले छलफल चलाएर निर्देशन दिइसकेको एनसेल शेयर खरिद-बिक्रीको विषय मंसिर २२ गते आएर प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले पनि हात हाल्यो । यो समितिले पुस ३ गते यही विषयमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नै बोलाएर छलफल समेत गऱ्यो । यो समितिले पनि सरकारी छानबिन समितिको प्रतिवेदन नआउँदासम्म एनसेलको शेयर बिक्री प्रक्रियालाई सहमति नदिन सरकारलाई निर्देश गरेको छ ।

तीन-तीनवटा संसदीय समितिले अध्ययन गरिरहेको यो विषयमा बिहीबारबाट प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समितिले पनि एनसेलको शेयर खरिद-बिक्रीका सम्बन्धमा छलफल सुरु गरेको छ । सञ्चार तथा सूचनाप्रविधि मन्त्री रेखा शर्मा सहित दूरसञ्चार प्राधिकरण र कम्पनी रजिष्ट्रार कार्यालयका अधिकारीहरूसँग छलफल गरेको यो समितिले भने निर्णयमा पुग्न सरकारी छानबिन समितिको निर्णय कुरिरहेको छ ।

'सरकारी छानबिन समितिको निर्णय आएपछि थप छलफल गर्ने र अघि बढ्ने तय भएको छ' समिति सचिव निर्मलादेवी लामिछानेले भनिन् ।

सरकारले मंसिर २१ गते एनसेलको शेयर खरिद-बिक्रीका सम्बन्धमा छानबिन गर्न पूर्वमहालेखा परीक्षक टंकमणि शर्माको संयोजकत्वमा पाँच सदस्यीय उच्चस्तरीय समिति गठन गरेको थियो । एक महिनाको अवधि पाएको उक्त समितिमा नेपाल सरकारका सचिव फणीन्द्र गौतम, अर्थ मन्त्रालयका सहसचिव रितेशकुमार शाक्य, सञ्चार तथा सूचनाप्रविधि मन्त्रालयका सहसचिव बाबुराम भण्डारी र आइक्यानका अध्यक्ष सुजनकुमार काफ्ले सदस्य छन् ।

**क्षेत्राधिकारको प्रश्न**

प्रतिनिधिसभा नियमावलीको नियम १७३ अनुसार प्रतिनिधिसभामा १० वटा विषयगत समिति छन् । जहाँ कुन विषयगत समितिको के क्षेत्राधिकार भन्ने छुट्याइएको छ । सूचनाप्रविधि क्षेत्रको अधिकार शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समितिले पाएको छ । शिक्षा, विज्ञान तथा



प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सञ्चार तथा सूचनाप्रविधि मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र सम्बद्ध विषय तथा निकायको कामकारबाहीको अनुगमन र मूल्यांकन गर्ने क्षेत्राधिकार यो समितिको हो ।

यस अनुसार एनसेलका सन्दर्भमा छलफल चलाउने क्षेत्राधिकार शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समिति मात्रैको भएको बताउँछन् एमाले सांसद छविलाल विश्वकर्मा ।

उनी भन्छन्, 'एनसेलको सन्दर्भमा छलफल गर्ने अधिकार पाएको समितिले भन्दा अगाडि नै तीनवटा समितिले छलफल चलाइसके । क्षेत्राधिकार अतिक्रमण भएर अन्त कतै छलफल भइसकेपछि बल्ल अधिकार पाएको समिति अध्ययनमा प्रवेश गरेको छ ।'

एमालेकै सांसद दिपा शर्मा चर्चाको पछि दौडिने प्रवृत्ति संसदीय समितिहरूमा पनि देखा परेको टिप्पणी गर्छिन् । उनी थप्छिन्, 'अर्को समितिको क्षेत्राधिकार भित्र रहेको विषयमा छलफल चलाउँदा किन समन्वय गरेनन् ? यो गम्भीर प्रश्न हो ।'

कुनै पनि विषय चर्चामा आयो भने त्यसमा छलफल चलाइहाल्ने र निर्देशन दिइहाल्ने प्रवृत्ति देखा परेको र एनसेलको सन्दर्भमा पनि त्यही भएको उनको बुझाइ छ ।

'अहिले सबै निकाय र व्यक्ति चर्चामा केन्द्रित छन् । एनसेलका सन्दर्भमा अन्य समितिहरूले छलफल चलाएको पनि यही कारणले हो' उनी थप्छिन्, 'जनताका विषय जतासुकै रहुन् । चर्चाको विषयमा हौसिने प्रवृत्ति छ यसलाई राज्यले नै नियन्त्रण गर्नुपर्छ ।'

एनसेलको विषयमा यसअघि पनि संसदीय विषगत समितिहरूका बीचमा फरक-फरक छलफल भएका थिए । एनसेलले तिर्नुपर्ने कर नतिरेको भनी उठेको प्रश्नका सन्दर्भमा २०७२ सालमा तत्कालीन अर्थ समिति, विकास समिति र सार्वजनिक लेखा समितिले छलफल चलाएका थिए ।

त्यसबेला सार्वजनिक लेखा समिति र अर्थ समितिले कर असुल हुने सुनिश्चितता नभएसम्म पूँजी वृद्धि र नयाँ व्यावसायिक योजना स्वीकृत नगर्न सरकारलाई निर्देश गरेको थियो । यसैसँग जोडेर फोरजी सेवा सञ्चालनको इजाजत नदिन पनि भनिएको थियो ।

तर विकास समितिले विदेशी लगानी र पूँजीलाई निरुत्साहित गर्न नहुने भन्दै नयाँ व्यावसायिक योजना नरोक्न दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको थियो । विकास समितिको निर्देशनपछि एनसेलले फोरजी सेवाको अनुमति पाएको थियो ।

एउटै विषयमा संसदीय विषयगत समितिहरूका छुट्टाछुट्टै छलफल र विरोधाभासपूर्ण निर्देशनहरू जारी हुँदा त्यसको कार्यान्वयन गर्ने निकायमा अन्योल सिर्जना भई सेवाप्रवाहमा समस्या भएका उदाहरण पनि विगतमा देखिएका छन् ।

**नेतृत्व र नियतमाथि प्रश्न**

समितिको कार्यक्षेत्रका सम्बन्धमा सभामुख र सम्बन्धित समितिका सभापतिहरू जिम्मेवार हुनुपर्ने बताउँछन् नेकपा माओवादी केन्द्रका सांसद देवेन्द्र पौडेल ।

'जहाँ जसले पायो त्यसले, जस्तो मन लाग्यो त्यस्तै विषयमा छलफल चलाउने र निर्देशन दिइहाल्ने प्रवृत्ति देखा परेको छ । यसको एउटा उदाहरण एनसेलको विषयमाथिको छलफल हो' उनी थप्छन्, 'यस्तो हुन नदिन सम्बन्धित समिति सभापति र सभामुख सक्रिय हुनुपर्छ ।'

सभामुखले कार्यक्षेत्र मिच्न नदिन समिति सभापतिहरूलाई सचेत गराउनुपर्ने सांसद पौडेलको राय छ । उनका अनुसार, कुनै समितिले छलफलको विषय तय गर्नु अगाडि अर्को समितिको क्षेत्राधिकार भित्र पर्छ कि पर्दैन भनेर हेर्नुपर्छ । अर्को समितिले पनि आफ्नो क्षेत्राधिकार भित्र परेको विषयमा कसैले छलफल चलाउँदैछ कि भनेर चासो दिनुपर्छ । समितिहरूका बीचमा समन्वयको वातावरण पनि सभामुखले नै बनाउनुपर्छ ।

यसका लागि प्रतिनिधि सभाका विषयगत समितिका सभापति र सभामुखबीच औपचारिक छलफल समेत हुने गरेको छ । ५ माघ २०७९ मा सभामुख भएका घिमिरेले १३ भदौ २०८० र ११ मंसिर २०८० मा संसदीय समितिका सभापतिहरूसँग औपचारिक छलफल समेत गरेका थिए ।

समितिको कार्यक्षेत्र लगायत विषयमा भने सभामुखले सभापतिहरूसँग निरन्तर अनौपचारिक संवाद गरिरहनुपर्ने खाँचो देखिन्छ । सभामुखको सचिवालयका अनुसार एनसेलका सन्दर्भमा समेत सभामुख घिमिरेले सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेल, अर्थ समितिका सभापति सन्तोष चालिसे र राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडासँग संवाद गरिसकेका छन् । सभामुखको सचिवालय भन्छ, 'चार वटै समितिका सभापतिहरूसँग सभामुख घिमिरेको औपचारिक र सामूहिक छलफल भने हुन पाएको छैन ।'

सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले संसदीय समितिको बैठकमा क्षेत्राधिकारको विषयमा समन्वय अभाव रहेको भनी समिति सभापति र सभामुखको ध्यानाकर्षण गरेकी छन् ।

'यो विषय (एनसेलको शेयर खरिद-बिक्री) मा तीन वटा समितिले छलफल गरिसके । प्रधानमन्त्रीकै उपस्थितिमा छलफल भएर समितिका निर्देशनहरू जारी भइसके', गत बिहीबार बसेको शिक्षा समितिको बैठकमा उनले भनेकी थिइन्, 'संसदीय समितिहरूका बीचमा समन्वय आवश्यक छ भन्ने महसुस भएको छ । अहिलेलाई यत्ति भनौं ।'

**तितो अनुभव**

संसदीय समितिको कार्यक्षेत्र जुधेमा वा अर्को समितिको कार्यक्षेत्र आकर्षित हुने विषयमा एकभन्दा बढी समितिको संयुक्त बैठक बस्न सक्ने कानुनी व्यवस्था पनि छ ।

''एउटै विषय एकभन्दा बढी समितिको कार्यक्षेत्रमा पर्ने देखिएमा सम्बन्धित समितिका सभापतिसँग परामर्श गरी संयुक्त बैठक बस्न सभामुखले निर्देशन दिन सक्नेछन्' प्रतिनिधिसभा नियमावलीको नियम १७४ मा भनिएको छ । तर, संसदीय समितिको संयुक्त बैठक बस्ने अभ्यास न्यून छ ।

संसदीय अभिलेख अनुसार दोस्रो संविधानसभाको समयमा ७ पुस २०७१ मा तत्कालीन अर्थ समिति, विकास तथा प्रविधि समिति र कृषि तथा जलस्रोत समितिको संयुक्त बैठक बसेको थियो । जहाँ तत्कालीन प्रधानमन्त्री सुशील कोइरालालाई बोलाएर विकास खर्च र बजेट परिचालनमा देखिएको समस्याबारे छलफल भएको थियो ।

त्यसबेला कृषि समितिमा गगन थापा, विकास समिति सभापति स्वर्गीय रवीन्द्र अधिकारी र अर्थ समिति सभापति प्रकाश ज्वाला थिए । संयुक्त बैठकको सभापतित्व स्वर्गीय अधिकारीले गरेका थिए । उक्त संयुक्त बैठकले बजेट तर्जुमालाई यथार्थपरक बनाउन तथा बजेट क्यालेन्डरलाई आवश्यक परिमार्जन गर्न व्यवस्थापिका-संसद्को अर्थ समितिसँग समन्वय गरी अविलम्ब कार्य थालनी गर्न सरकारलाई निर्देशन दिएको थियो ।

फरक विषयमा दोस्रो संविधानसभा कालमै विकास समितिका सभापति अधिकारी र कृषि तथा जलस्रोत समितिका सभापति थापाले संयुक्त बैठक आयोजना गरेका थिए । तर, संविधान निर्माणपछिको संघीय संसद्मा संसदीय समितिको संयुक्त बैठक बसेको उदाहरण छैन ।

प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा २५ मंसिर २०७५ मा पूँजी बजारको विषयमा अर्थ समिति र कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको संयुक्त बैठक बिहान ११ बजेलाई बोलाइएको थियो । तर, साढे १२ बजेसम्म गणपूरक संख्या नपुगेपछि स्थगित भएको थियो ।

यसबाहेक प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा फरक-फरक संसदीय समितिको संयुक्त बैठकका लागि अर्को कुनै औपचारिक सूचना सार्वजनिक हुनसकेको थिएन ।

बरु प्रतिनिधिसभाको चालु कार्यकालमा सुपारी निकासीका सम्बन्धमा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति र अर्थ समितिको संयुक्त बैठक राख्ने पहल भएको थियो । २५ असोज २०८० मा कृषि समितिकी सभापति डा.आरजु राणाले सभामुख घिमिरेलाई पत्र नै लेखेर संयुक्त बैठकका लागि अनुमति मागेकी थिइन् । तर, यो प्रयास पनि सफल हुन सकेन ।

१५ कात्तिक २०८० मा बसेको उद्योग, वाणिज्य, श्रम तथा उपभोक्ता हित समितिले नेपाल आयात गरेर नेपाली सुपारी भन्दै पुन: भारत लगायतमा सुपारीको तस्करी भइरहेको निष्कर्ष सहित नेपालमा बाह्य मुलुकको सुपारी आयात नै हुन नदिने गरी कर लगाउन सरकारलाई निर्देशन दियो । त्यसपछि तीनवटा समितिको संयुक्त बैठक बस्ने औचित्य बाँकी दुई समितिले देखेनन् र संयुक्त बैठकको प्रयास निष्फल भयो ।

पूर्व सभामुख दमननाथ ढुंगाना विषयगत रूपमा संसदीय समितिहरू बनाइएतापनि कहिलेकाहीं एकभन्दा बढी समितिसँग सम्बन्धित विषय आउन सक्ने भएकाले संयुक्त बैठक बस्न सक्ने कानुनी व्यवस्था भएको र संयुक्त बैठकको अभ्यास समेत 'बेलाबखत' भएको स्मरण गर्छन् ।

तर, पछिल्लो समय 'हिरोइजम'का लागि क्षेत्राधिकार मिच्ने प्रवृत्ति देखा परेको उनको अनुभव छ । 'भन्न गाह्रो छ तर, एक प्रकारको हिरोइजमले समस्या पारेको छ' उनी थप्छन्, 'मैले यो गरिदिएँ, फलानालाई बोलाएर हाजिर गराएँ भनेर बडम्पन गर्ने, प्रदर्शनकारी हुने प्रवृत्ति छ ।'

काम गरेपछि जस लिन खोज्नुलाई सकारात्मक रूपमा लिन सकिने भएतापनि क्षेत्राधिकार मिचेर एक्लै अगाडि बढ्न खोज्नुका पछाडि नियत खराब हुनसक्ने उनको आशंका छ । 'एउटा कुनै विषयलाई निष्कर्षमा पुऱ्याएर जस लिन्छु भन्नु राम्रै होला । तर, स्वार्थ हुनुभएन, तानातान हुनुभएन, बहादुरीको पक्ष हुनुभएन ।'

समितिको कार्यक्षेत्रका सन्दर्भमा हुने विवाद र स्वार्थ रोक्न संसद् सचिवालय र संसद्को नेतृत्व जिम्मेवार हुनुपर्ने उनको राय छ । उनी भन्छन्, 'संसदीय समितिको प्रभावकारिता, विवाद समाधान र क्षेत्रगत विषयको प्रष्टताका साथसाथै ठीक ठाउँमा समितिहरूलाई राखेर अगाडि बढाउनका लागि अभिभावकत्व दिने काममा सभामुख र संसद सचिवालयको साह्रै ठूलो भूमिका हुन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'बलिदान'मा भित्रन सक्छन् विराज !




काठमाडौं/निर्माता सन्तोष सेन आफ्नो नयाँ फिल्म 'बलिदान'मा कलाकारको 'लाइनअप' बलियो बनाउने कसरतमा छन् । अभिनेताद्वय सौगात मल्ल र अर्पण थापा मुख्य भूमिकामा निश्चित भैसकेको फिल्ममा अब 'एक्सन स्टार' विराज भट्टको पनि प्रवेश हुने सम्भावना बढेको छ । टिजर रिलिजपछि फिल्ममा उनको सर्वाधिक माग भएको थियो । अब निर्माण टिमले उनीसँग छलफल अगाडि बढाएको छ ।

आइतबार सेनले विराजसँग काठमाडौंको एक रेस्टुरेन्टमा भेट गरेका छन् । उक्त भेटको तस्वीर फिल्मका निर्मातामध्येका एक प्रेम पुरीले फेसबुकमा सेअर गर्दै क्याप्सनमा 'जय बलिदान' भनेर लेखेका छन् । यसले निर्माण टिम विराजसँग सम्झौता नजिक पुगेको संकेत गर्छ । तर, निर्माता पुरीले संचारकर्मीसँगको कुराकानीमा फिल्मको बारेमा नभइ चिया भेटघाट मात्र भएको बताएका छन् ।

स्रोत भने विराज फिल्मलाई लिएर सकारात्मक रहेको दाबी गर्छ । सबै कुरा सही रहे उनले आगामी साताभित्र फिल्म सम्झौता गर्न सक्ने जनाइएको छ । फिल्म एक्सन प्रधान हुने भएकाले टिजर आएपछि दर्शकले विराजको माग गरेका थिए । यसमा निर्माता सेन पनि सकारात्मक देखिएपछि अब सहकार्यको सम्भावना बढेको छ । फिल्ममा विराज भित्रिए कलाकारको 'लाइनअप' भव्य बन्नेछ ।

निर्माता सेनले अभिनेता अनमोल केसीलाई पनि फिल्म अफर गरेका छन् । अनमोल भने फाइनल स्क्रिप्ट पढेपछि मात्र निर्णय दिने सोचमा रहेको स्रोत बताउँछ । निर्माता सेन आफैंले निर्देशन गर्न लागेको फिल्मलाई आगामी दशैंको फूलपातीमा प्रदर्शन गरिँदैछ । माओवादी-सशस्त्र द्वन्द्वको समयताका तराई क्षेत्रमा भएको एउटा कारुणिक नरसंहार घटनामाथि 'बलिदान' बन्न लागेको चर्चा छ ।

# ४० कटेपछि हिरो बनेका सन्तोष भन्छन्, 'क्षमता भए उमेर तगारो बन्दैन'



काठमाडौं/एउटा चर्चित गीत छ, '४० कटेसी रमाउला ।' उमेरले ४० पछिको अंक ऊर्जावान् समय हो । यो उमेरमा मानिसहरु आफ्नो हरेक इच्छा-चाहना पूरा गर्न चाहन्छन् र यसका लागि हरसम्भव प्रयास गर्छन् । सन्तोष अधिकारीले पनि ४० कटेपछि आफूभित्र वर्षौंदेखि हुर्किरहेको हिरो बन्ने चाहना पूरा गरेका छन् । उनको पहिलो फिल्म 'चित्रा' यही पुष २७ गतेबाट सार्वजनिक प्रदर्शनमा आउँदैछ ।

४० कटेपछि फिल्ममा भएको डेब्यूलाई उनले स्वभाविक रुपमा लिएका छन् । उनी भन्छन्, 'कुनै पनि काम सुरु गर्न कहिल्यै ढिला हुँदैन । सुरु नै नगर्नु चाहिँ समस्या हो । कुनै काम ढिलागरी सुरु गर्ने म पहिलो होइन ।' कुनै पनि कुराको कल्पनामा रमाउनुभन्दा त्यसलाई साकार बनाउनुमा आनन्द महसुस हुने उनको बुझाई छ । उनी पनि आफ्नो कल्पनालाई साकार बनाएकोमा खुसी छन् ।

उनलाई लाग्छ सबै चीजको तुलना उमेरबाट हुँदैन । आफ्नो क्षमता र खुबी प्रस्तुत गर्न उमेर तगारो नबन्ने उनको जिकिर छ । उनी भन्छन्, 'लक्ष्य कति कठिन वा असहज छ भनेर यात्रा गर्न डराउने मान्छे होइन । म त्यो यात्रालाई तय गर्न हिँड्न रुचाउने मान्छे हुँ ।' 'चित्रा'बाट अभिनय र एक्सन गर्न सक्ने हिरोको पहिचान मिल्नेमा उनी विश्वस्त छन् । फिल्ममा सन्तोष बाबुको भूमिकामा छन् ।

धनश्याम लामिछानेद्वारा निर्देशित फिल्ममा सन्तोषका साथै मेनुका प्रधान, शुभेच्छा खड्का, प्रमोद अग्रहरी, अर्पण थापा, प्रकाश घिमिरे, अञ्जना बराइली, सिम्रन खड्का, आयुशी ढकाल, विनोद पौडेल, कपिल शर्मा, कुमार गुरुङ, उज्ज्वल ढकाल आदिको पनि अभिनय छ । आशिष थापा मगर निर्माता तथा सन्तोष अधिकारी कार्यकारी निर्माता रहेको फिल्मका छायाँकार महेश पौडेल हुन् ।

# नेपाली वायुसेवा कम्पनीसँग छन् ६८ जहाज, कुन कम्पनीसँग कति ?

काठमाडौं/२३ अप्रिल १९४९ नेपालमा अहिलेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सुरु भएको हवाई उडानको इतिहास ७५ वर्षमा प्रवेश गरेको छ । यससँगै नेपालको वायुसेवा उद्योग समेत समृद्ध बन्दै गएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार ७५ वर्ष अगाडि भारतीय राजदूतले नेपाल लिएर आएको ४ सिटे जहाजबाट नेपाली हवाई उद्योगको इतिहास सुरु भएको हो । आजसम्म आइपुग्दा सेड्युल उडान गर्ने नेपाली वायुसेवा कम्पनीसँग मात्रै ६८ वटा जहाज पुगेका छन् ।

यसमध्ये सबैभन्दा कान्छो कम्पनी हिमालय एयरलाइन्सले अन्तर्राष्ट्रिय उडान मात्र गर्दै आइरहेको छ । सबैभन्दा पुरानो कम्पनी नेपाल एयरलाइन्स र दोस्रो पुरानो कम्पनी बुद्ध एयरले आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडान गरिरहेका छन् । अन्तर्राष्ट्रिय उडानको लाइसेन्स लिएका यती एयरलाइन्स र श्री एयर लाइन्सले आन्तरिक उडानमा दरिलो उपस्थिति जनाएका छन् । सीता एयर, तारा एयर, गुण एयर, समिट एयर र सौर्य एयरलाइन्स भने आन्तरिक उडानमा मात्र केन्द्रित देखिएका छन् ।

नेपालको राष्ट्रिय ध्वजाबाहक नेपाल एयरलाइन्स १ जुलाई १९५८ मा स्थापना भएको हो । बुद्ध एयरले ११ अक्टोबर १९९६ मा स्थापना भई सेवा दिइरहेको छ । यती एयर लाइन्स सेप्टेम्बर १९९८ मा स्थापना भएको हो । श्री एयरलाइन्स १७ अप्रिल १९९९ मा स्थापना भई सञ्चालनमा छ । हिमालय एयर लाइन्स भने ३१ मे २०१६ मा स्थापना भएको हो । सीता एयर ६ फेब्रुअरी २००३ मा स्थापना भएको हो । तार एयर १२ सेप्टेम्बर २००९ मा स्थापना भएको हो । गुण एयरलाइन्स २००९ मा स्थापना भएको हो । समिट एयर २४ फेब्रुअरी २०११ मा स्थापना भएको हो । सौर्य एयरलाइन्स १७ नोभेम्बर २०१४ मा स्थापना भएको हो ।

अहिले नेपालमा तीन अन्तर्राष्ट्रिय विमानस्थलसहित ५५ वटा विमानस्थल निर्माण भइसकेका छन् । यसमध्ये ४२ वटा विमानस्थलको धावनमार्ग पक्की बनिसकेको छ । पक्की धावनमार्ग भए पनि कतिपय विमानस्थलमा भने नियमित उडान छैन । अहिले सञ्चालनमा नआई बन्द रहेका विमानस्थलको संख्या २० वटा रहेको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मात्र सन् २०२३ को अक्टोबरसम्म ७० लाख २३ हजार ९०७ जना यात्रुले सेवा लिएका छन् । जसमध्ये ३६ लाख ७९ हजार ६०५ अन्तर्राष्ट्रिय र ३३ लाख ४४ हजार ३०२ जना आन्तरिक यात्रु रहेका छन् ।

**हेलिकप्टरको संख्या ३३**

नेपालमा सञ्चालित हेलिकप्टर कम्पनीसँग ३३ वटा हेलिकप्टर दर्तामा रहेको नेपाल नागरिक उड्डयन प्राधिकरणको तथ्यांक छ । सबैभन्दा धेरै श्री एयर लाइन्ससँग ८ वटा हेलिकप्टर दर्तामा छन् । सिम्रिक एयर र एयर डाइनेन्स्टीसँग ४/४ वटा हेलिकप्टर छन् । हेलि एभरेष्ट र कैलाश हेलिकप्टरसँग ३/३ वटा हेलिकप्टर रहेका छन् ।

प्रभु हेलिकप्टर, फिस्टेल एयर, अल्टिच्यूड एयर र माउण्टेन एयरसँग २/२ वटा हेलिकप्टर रहेको प्राधिकरणको तथ्यांक छ । मनाङ एयर, मुस्ताङ हेलिकप्टर र अन्नपूर्ण हेलिकप्टरसँग एक-एक वटा हेलिकप्टर रहेको प्राधिकरणले जनाएको छ ।

# मर्दी पदयात्रामा गएका विदेशी पर्यटक बेपत्ता

कास्की/कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकामा अवस्थित मर्दी हिमाल पदमार्गमा गएका एक विदेशी पर्यटक सम्पर्कविहीन भएका छन् । पदयात्राका क्रममा स्विडेनका नागरिक २० वर्षीय मिचल लिउ ब्लोम्बर्ग शनिबार बिहानदेखि सम्पर्कविहीन भएपछि खोजी सुरु गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ ।

पदमार्गको हाई क्याम्पबाट मर्दी आधार शिविरतर्फ जान शनिबार बिहान ४ बजे होटलबाट उठेर गएका मिचल त्यसपछि नफर्किएको जानकारी आएपछि खोजी सुरु गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिए । मिचल एक्लै पदयात्रामा गएका थिए ।

पदमार्गको लो क्याम्पमा माछापुच्छ्रे गाउँपालिकाले स्थापना गरेको पर्यटक सूचना केन्द्रमा गत शुक्रबार उनले आफ्नो नाम दर्ता गरेका थिए । बेपत्ता पर्यटकको खोजीका लागि पोखराबाट प्रहरी टोली त्यसतर्फ शनिबार साँझ नै प्रस्थान गरेपछि अझै पुग्न नसकेको प्रहरीले जनाएको छ ।

'पर्यटक सम्पर्कविहीन भएको सूचना पाएपछि हामीले शनिबार साँझ नै वडा प्रहरी कार्यालय बगरबाट प्रहरीलाई त्यसतर्फ पठाएका छौं,' प्रनाउ विकले भने, 'प्रहरी टोली अझै सो ठाउँमा पुगिसकेको छैन, टोली पुगेपछि खोजीमा लाग्नेछ ।'

माछापुच्छ्रे गाउँपालिका-८ का वडाध्यक्ष राम गुरुङले स्थानीय पर्यटन व्यवसायी तथा गाउँपालिकाबाट समेत बेपत्ता भएका पर्यटकको खोजी तथा उद्धारको काम भइरहेको जानकारी दिए । 'स्थानीय पर्यटन व्यवसायी तथा गाउँपालिकाबाट आज बिहानदेखि नै खोजी सुरु गरे पनि साँझसम्म केही जानकारी प्राप्त हुन सकेको छैन,' गुरुङले भने ।

स्थानीय पर्यटन व्यवसायीका अनुसार बेपत्ता पर्यटक मर्दीको भ्युपोइन्ट पार गरेर बेसक्याम्पतर्फ गएको जानकारी प्राप्त भएको छ । मर्दीको हाई क्याम्पबाट आधार शिविर पुग्न चार घण्टा पैदल हिँड्नुपर्दछ ।

मर्दी हिमाल पदयात्रा पछिल्ला केही वर्षदेखि कहलिएको पदयात्रामा पर्दछ । माछापुच्छ्रे गाउँपालिकाको सिदिङ, धम्पुस तथा अन्नपूर्ण गाउँपालिकाले अष्ट्रेलियन क्याम्पबाट मर्दी पदयात्रा सुरु गर्न सकिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# अन्डाको भाउ बढाउन दुई सिण्डिकेटबीच प्रतिस्पर्धा, प्रतिगोटा २० रुपैयाँ पुग्यो

काठमाडौं/अण्डाको मूल्यमा दोहोरो सिन्डिकेटले उपभोक्ता थप मारमा पर्दै गएका छन् । नेपाल अण्डा उत्पादक संघले २०५६ देखि अण्डाको मूल्यमा सिन्डिकेट कायम गर्दै बिक्री मूल्य तोक्दै आएको छ ।

पछिल्लो समय नेपाल लेयर्स कुखुरापालक संघ, चावहिलले पनि अन्डाको मूल्य तोक्न थालेपछि अण्डामा दुई सिन्डिकेटबीच नै भाउ बढाउने प्रतिस्पर्धा चलेको छ ।

नेपाल अण्डा उत्पादक संघले १२ पुसदेखि लागु हुने गरी भन्दै अण्डाको मूल्य प्रतिक्रेट बिक्री मूल्य ४३० रुपैयाँबाट बढाएर ४५५ रुपैयाँ पुऱ्याएको थियो । फार्मको बिक्री मूल्यमा वृद्धि गरे पनि उपभोक्ता मूल्य भने यथावत रहेको संघका अध्यक्ष शिवराम केसीले बताए । त्यसको लगत्तै १४ पुसमा नेपाल लेयर कुखुरापालक संघले १४ पुसदेखि लागु हुनेगरी अण्डाको उपभोक्ता मूल्य २० रुपैयाँ पुगेको भन्दै एक पत्रिकामा सूचना प्रकाशित गरेको छ ।

नेपाल लेयर्स कुखुरापालक संघको१३ पुस २०८० मा भएकोबैठकले चितवनलाई आधार मानी १४ पुसदेखि लागू हुने गरी अण्डाको फार्म मूल्य र उपभोक्ता मूल्य पनि बढएको छ ।

६ पुसमा प्रतिक्रेट अधिकतम् ४२० रुपैयाँ रहेको बिक्री मूल्यलाई बढाएर ४४५ रुपैयाँ पुऱ्याएको छ । आफूहरुले सरकारसँग पनि छलफल गरेर किसानको उत्पादन लागतको मूल्यांकन गरेर २०५६ सालदेखि अण्डाको मूल्य तोकिरहेको नेपाल अण्डा उत्पादक संघका अध्यक्ष केसीले बताए । 'देशभरीका अण्डा उत्पादक किसानले उत्पादन गरेको अण्डाको मूल्य हामीले नै तोक्छौं,' उनले भने ।

एउटा संघले १ दिनअघि तोकेको मूल्यलाई उछिनेर अर्को संघले पुन: अण्डाको मूल्य तोकेपछि उपभोक्ताहरु अण्डाको मूल्यमा कसरी ठगिइरहेका रहेछन् भन्ने स्पष्ट हुन्छ । फार्मबाट उत्पादन बिक्री गर्दाको मूल्य दुवैवटा संघले उस्तैउस्तै तोकेका छन् । तर, नेपाल लेयर कुखुरापालक संघले उपभोक्ता मूल्य २० रुपैयाँ तोकेको छ, भने अण्डा उत्पादक संघले १७ रुपैयाँ तोकेको छ ।

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# नारायणी सहकारीद्वारा वार्षिकोत्सवमा सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/नारायणी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड हेटौंडाले २८ औं वार्षिकोत्सवको अवसरमा असल बचतकर्ता, ऋणी, जेष्ठ नागरिक, एकल महिला, जेष्ठ शेयर सदस्य, पत्रकार, कर्मचारी तथा सहयोगीलाई सम्मान गरेको छ ।

कार्यक्रममा सहकारीका असल बचतकर्ता धनबहादुर चापागाई, असल मासिक बचतकर्ता मञ्जुकुमारी सुवेदी, असल ऋणी अम्बिका अधिकारी, खुत्रुके बचतकर्ता लिनिसा अधिकारी, उत्कृष्ट बचत समूह मेलमिलाप बचत कोष, पत्रकार सुजन ढकाल लगायतलाई नगद तथा उपहारसहित सम्मान गरिएको थियो । कार्यक्रममा सहकारीका ८ जना जेष्ठ सदस्यलाई वृद्धभत्ताबापत् जनही नगद छ हजार रुपैयाँ प्रदान गरिएको थियो । साथै हेटौंडा-९ को सबैभन्दा जेष्ठ नागरिक एक सय दुई वर्षीया कृष्णमाया मगरलाई उपहारसहित सम्मान गरिएको थियो ।


कार्यक्रममा एसईई परीक्षामा उत्कृष्ट सहकारीका शेयर सदस्यका तीन छोराछोरी र त्रिभुवन विश्वविद्यालय बीबीए परीक्षाको सातौं सेमेष्टरमा नेपाल प्रथप हुन सफल शेयर सदस्य सत्रुघन महर्जन र चञ्चला महर्जनकी छोरी सृष्टि महर्जनलाई नगदसहित सम्मानपत्र प्रदान गरिएको थियो । कार्यक्रममा सहकारीबाट सम्पूर्ण निर्माण सामग्री प्रयोग गरी घर निर्माण गर्ने ११ जना सदस्यलाई पनि उपहार प्रदान गरिएको थियो । सहकारीको निर्माण सामग्री विक्रीमा विशेष भूमिका खेल्ने सुरेश बेरोजगार, संस्थाका सामग्री लोड अनलोड गर्ने सहयोगी लगायतलाई पनि सम्मान गरिएको थियो ।

पत्रकारिताको माध्यमबाट समाज र सहकारी क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै पत्रकार सुजन ढकाललाई सहकारीको पाँच हजार बराबरको शेयरसहित सम्मानपत्र प्रदान गरिएको थियो । त्यस्तै, ध्रुवस्मृति कोषबाट यसवर्ष प्रगति माध्यमिक विद्यालयको कक्षा १२ की शर्मिला पहाडी र कक्षा केजीकी साहिसा गुरुङलाई जनही पाँच हजार रुपैयाँ छात्रवृत्ति प्रदान गरिएको थियो । कार्यक्रम हेटौंडा उपमहानगर पालिका-९ का अध्यक्ष सुकराम केसीको प्रमुख आतिथ्य तथा नारायणी बहुउद्देश्यीय सहकारीका अध्यक्ष जंगबहादुर गुरुङको अध्यक्षतामा भएको थियो ।

कार्यक्रममा जिल्ला सहकारी संघ मकवानपुरका व्यवस्थापक गोविन्द दाहाल, राष्ट्रिय सहकारी बैंक बागमती प्रदेशका प्रमुख रामेश्वर अर्याल, शिवम् सिमेन्टका क्षेत्रीय विक्री प्रबन्धक विक्रम खतिवडा, नारायणी सहकारीका पूर्वअध्यक्ष तथा सल्लाहकार निरञ्जन ढकाल, उपाध्यक्ष रामचन्द्र दाहाल लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

जिल्ला बहुउद्देश्यीय सहकारी संघ मकवानपुरकी सचिव प्रतिमा श्रेष्ठ, ध्रुवस्मृति कोषकी संरक्षक तारा भट्टराई, प्रगति माविका अध्यक्ष प्रदीप पराजुली, साईराम बचत तथा ऋण सहकारी संस्थाकी उपाध्यक्ष सचिता भट्टराई, ऋद्धिसिद्धी सिमेन्टका विक्री प्रबन्धक सुदर्शन रेग्मी, नारायणी सहकारीका सल्लाहकार कुमारप्रसाद पौडेल लगायतको आतिथ्य रहेको थियो ।

# हेटौंडामा दुई दिन थाहा फोटो प्रदर्शनी गरिँदै




साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ थाहानगरको पर्यटन प्रबर्द्धनका लागि हेटौडामा फोटो प्रदर्शनी हुने भएको छ । थाहा नगरपालिकाको आयोजनामा पुस २० र २१ गते हेटौंडाको बुद्धचोकमा फोटो प्रदर्शनी आयोजना गरिने थाहा नगरपालिकाले जनाएको छ ।

थाहानगरका करिब एक दर्जन फोटोग्राफरले खिचेका थाहानगरको पर्यटकीय क्षेत्र, नगरको प्राकृतिक, धार्मिक स्थल, सभ्यता, सस्कृति र जीवनशैली समेटिएका करिब ६० फोटो प्रदर्शनी गरिने फरक सोचका संयोजक यादवजंग रायमाझीले बताए । हेटौंडा उपमहागरपालिका, नेपाल पत्रकार महासंघ मकवानपुर शाखा, मकवानपुर फोटो पत्रकार संघको सहकार्यमा फोटो प्रदर्शनीको ब्यवस्थापन फरक सोच र शिखर क्लबले गर्नेछन् ।

पर्यटनको प्रसस्तै सम्भाबना रहेको मकवानपुरको थाहानगरको सम्पदा, सभ्यता र जीवनशैलीलाई समेटेर गर्न लागिएको फोटो प्रदर्शनीले थाहानगर लगायत आसपासको क्षेत्रको पर्यटन प्रबर्द्धनमा सहयोग पुग्ने थाहा नगर पालिकाका प्रमुख विष्णु विष्टले बताएका छन् ।

बागमति प्रदेशको राजधानी हेटौंडा र संघीय राजधानी काठमाडौंबाट नजिक पर्ने थाहा नगर पालिका र ईन्द्रसरोवर गाँउपालिका आसपासका क्षेत्र आन्तरिक पर्यटनको गन्तव्य रुपमा विकास हुँदै गएको छ । यहाँ भएका पर्यटनका स्रोतलाई चिनाउन फोटो प्रदर्शन गर्न लागिएको फरक सोच अभियानका संयोजक रायमाझीले जानकारी दिए ।

# राष्ट्रिय महिला भलिबलको फाइनलमा एपिएफ र न्यूडाइमण्ड

साझाकुरा संवाददाता



हेटौंडा, १५ पुस/ हेटौंडाको टिसिएनचौरमा जारी राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधिका लागि सशस्त्र प्रहरीको एपिएफ क्लव र चन्द्रागिरी नगर पालिका न्यूडाइमण्ड क्लव भिड्ने भएका छन् ।

सिंगल राउण्ड रोबिनको आधारमा सञ्चालन भएको प्रतियोगिताको उपाधिका लागि यी दुई टिम भिड्ने भएका हुन् । एपिएफ ११ अंककासाथ समूह विजेता र न्यूडाइमण्ड १० अंकसहित समूह उपविजेता हुँदै फाइनलमा प्रवेश गरेका हुन् । समूह चरणको अन्तिम खेलमा न्यूडाइमण्डले त्रिभुवन आर्मीलाई र एपिएफले नेपाल पुलिस क्लवलाई हराएको थियो । न्यूडाइमण्डले आर्मीलाई १६-२५, २५-१९, २५-१६ र २५-२३ को सेटमा हराएको हो ।

खेलको प्लेयर अफ द म्याच न्यूडाइमण्डकी जेनिसा विक घोषित भइन् । यस्तै फाइनल प्रवेश गर्ने क्रममा एपिएफले प्रहरीलाई २३-२५, २५-१९, २५-२१ र २५-१६ को सेटमा हराएको छ । खेलको प्लेयर अफ द म्याच एपिएफकी निरुता ठगुन्ना घोषित भइन् । फाइनल खेल सोमबार दिउँसो २ बजेबाट हुने आयोजकले जानकारी दिएको छ । हेटौंडामा सञ्चालन भैरहेको बृहत् खेलकुद तथा व्यापार महोत्सवमा केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान र मकवानपुर जिल्ला भलिबल संघको संयुक्त आयोजनामा राष्ट्रिय महिला भलिबल प्रतियोगिता भएको हो ।

प्रतियोगितामा चन्द्रागिरी नगरपालिका न्यूडाइमण्ड क्लव, नेपाल पुलिस क्लव, त्रिभुवन आर्मी क्लव, एपिएफ क्लव र मकवानपुरको छहारी युवा सेवासमाजको सहभागिता रहेको छ । प्रतियोगिताको विजेताले २ लाख र उपविजेताले एकलाख रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछ । यस्तै सेमिफाइनलबाट बाहिरिएका दुई टिमले नगद ५०/५० हजार रुपैयाँ प्राप्त गर्नेछ ।

सर्वोत्कृष्ट खेलाडीले १५ हजार तथा विधागत उत्कृष्ट खेलाडीले जनही ५ हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्ने आयोजक मकवानपुर जिल्ला भलिबल संघका अध्यक्ष वसन्तकुमार सिटौलाले जानकारी दिएका छन् ।

# विश्वहिन्दु महासंघ नगर अध्यक्षमा वाग्ले

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ विश्वहिन्दु महासंघ नेपाल हेटौंडा नगर अध्यक्षमा राजेश वाग्ले चयन भएका छन् । हेटौंडा-१० गोरक्षेश्वर धाममा शनिबार भएको प्रथम नगर अधिवेशनबाट वाग्ले सर्वसम्वत अध्यक्ष चयन भएका हुन् । वाग्लेको नेतृत्वमा ५१ सदस्यीय कार्यसमिति चयन गरिएको छ ।

नगर समितिको उपाध्यक्षमा दीपक बनैवाल, तुलसी गिरी, सचिवमा विश्वप्रसाद गौतम, कोषाध्यक्षमा एकनाथ गैरे चयन भएका छन् । समितिको सदस्यहरुमा अनिल पराजुली, उमेश पराजुली, अर्जुन वाइवा, सुजन ढुंगाना, परिचय श्रेष्ठ, जय हुमागाईं, विनय केशरी, सतिश मिश्र, नवराज ढकाल, विवेक महत, खेमराज न्यौपाने, चक्रधर न्यौपाने, मोदनाथ देवकोटा चयन भएका छन् ।

त्यस्तै सदस्यमा गोपाल अगस्ती, लक्ष्मीनारायण श्रेष्ठ (विक्रम), विजय खड्का, सरोज घिमिरे, कृष्णहरि भट्टराई, रोहित गुप्ता, विकास उप्रेती, रबिन सुवेदी, विक्रान्त बस्नेत, दिनेश सुवेदी, असिम स्याङतान, सहास नेपाली, श्याम दाहाल, किरण महतो, अमित राजवाहक, पुरुषोत्तम खतिवडा, अनुप वर्नवाल, माधव सिलवाल, गणेश धिमाल चयन भएका छन् । सुशिल पौडेल, रामचन्द्र नेपाल, अशोक देवकोटा, किरण गौतम, रमेश वाग्ले, राजकुमार तिवारी, सागर गजुरेल, सशांक महतो, पुरुषोत्तम सिटौला, सुमित घिमिरे, रामकृष्ण बजगाईं, सुशिल घिमिरे, कृष्ण घिमिरे, सम्झना चौलागाई, बबिता चौलागाई, दिपेशमणि भण्डारी, बिट्टु बानियाँ, पिंकु साह, राजकुमार राउत, विपेशजंग क्षेत्री, सत्यन्द्र केशरी, दिनेश सुवेदी रहेका छन् ।

विश्वहिन्दु महासंघको हेटौंडाको १९ वडामा वडा संयोजक पनि तोकिएको छ । विजयराज सिग्देलको प्रमुख आतिथ्यता तथा विश्वहिन्दु महासंघ मकवानपुर अध्यक्ष उत्तम शर्माढकालको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा हयग्रीव आचार्य, संस्कृत वेद विद्यालयका अध्यक्ष रामकृष्ण थापा, कुष्माण्डधामका अध्यक्ष ईश्वरीप्रसाद न्यौपाने लगायतले शुभकामना दिएका थिए ।

# हाजिरीजवाफ प्रतियोगितामा जनप्रिय प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/विज्ञान शिक्षक समाज मकवानपुरको आयोजना र मकवानपुर बाल विद्यासदनको सहकार्यमा शनिबार भएको जिल्लास्तरीय विज्ञान हाजिरीजवाफ प्रतियोगितामा हेटौंडा-१६ स्थित जनप्रिय मावि प्रथम भएको छ ।

प्रतियोगितामा तुलसीमेहर मावि द्वितीय र नवोदय शिशुसदन तृतीय भए । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीयलाई कमश: पाँच हजार, चार हजार, तीन हजार रुपैयाँ पुरस्कारसहित प्रमाणपत्र प्रदान गरिएको थियो । हेटौंडा-१८ स्थित मकवानपुर बालविद्यासदनको सभाहलमा भएको प्रतियोगितामा १८ ओटा विद्यालयको सहभागिता थियो ।

स्ट्यान जिल्ला अध्यक्ष खेमराज लामिछानेको सभाध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड मकवानपुरका प्रमुख कृष्णप्रसाद घिमिरेको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा बालविद्यासदनका निर्देशक सुदीप गिरी विशिष्ट अतिथिको रुपमा रहेका थिए । कार्यक्रममा प्रमुख अतिथि घिमिरेले विज्ञान र प्रविधिको विकास हुनसके मात्र देशको विकास हुने र यस्ता कार्यक्रमले विद्यार्थीमा विज्ञानप्रतिको सकारात्मक धारणा अभिवृद्धि हुन सहयोग पुग्ने बताए । माध्यमिक तह विज्ञान विषयका ८० प्रतिशत र सामान्यज्ञानका २० प्रतिशत प्रश्न समावेश गरी हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गरिएको स्ट्यान जिल्ला सचिव सुवास खनालले बताए ।

कार्यक्रममा स्ट्यान प्रदेश सदस्य मनिल कर्ण, अग्रज विज्ञान शिक्षक राधेलाल मण्डल, विज्ञान शिक्षक समाजका जिल्ला सहकोषाध्यक्ष सुनमाया पाखिन, विज्ञान शिक्षक समाज मकवानपुरगढी गाउँपालिका अध्यक्ष दीपेन्द्र यादव, मनहरी पालिका अध्यक्ष ओमप्रकाश सापकोटा, हेटौंडा नगरसचिव सुदर्शन पौडेल, नगरसदस्य ईश्वर रिजाल, शिक्षक अर्चना दहाल, रविन श्रेष्ठलगायतको आतिथ्यता रहेको थियो । स्ट्यान जिल्ला उपाध्यक्ष भरत पोखेलले सहभागीलाई स्वागत गरेका थिए ।

# नौलोबिहानी साकोस अध्यक्षमा ढुङगाना

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ हेटौंडा-६ चौघडामा रहेको नौलोविहानी कृषि सहकारी संस्थामा विष्णुप्रसाद ढुङ्गाना नेतृत्वमा नयाँ संचालक समिति चयन भएको छ ।

सहकारीको शनिबार सम्पन्न १३ औं वार्षिक साधारण सभाले ढुङगाना नेतृत्वमा ७ सदस्य नयाँ संचालक समिति चयन गरेको हो । समितिको उपाध्यक्षमा जयराम घिमिरे, सचिवमा नेत्रप्रसाद ढुङगाना र कोषाध्यक्षमा देवेन्द्र श्रेष्ठ चयन भएका छन् । त्यसैगरी सदस्यमा मधुकुमार दंगाल, सरस्वती पुडासैनी र गीता हुमागाई रहेका छन् । लेखा सुपरीवेक्षण समितिको संयोजकमा गोपालचन्द्र भट्टराई र सदस्यमा राजीव खनाल र यशोदा भट्टराई चयन भएका छन् ।

नयाँ सञ्चालक समितिको लागि अर्जुनप्रसाद चौलागाईको संयोजकत्वमा श्यामप्रसाद भट्टराई र सन्ध्या श्रेष्ठ सदस्य रहेको ३ सदस्यीय समिति गठन गरिएको थियो । साधारणसभामा निवर्तमान ब्यवस्थापक गोमा लामछिाने, ज्येष्ठ शेयर सदस्य चिन्तामणि घिमिरे, नियमति बचतकर्ता अर्जुनप्रसाद चौलागाई, असली ऋणी राजकुमार दाहाल, सविता सुब्बा, उत्कृष्ट कृषक जीवन सापकोटा, भवानी राई र सञ्चारकर्मी सुनिल शिवाकोटी सहित ८ जनालाई नगद पुरस्कार सहित सम्मानित गरेको थियो । हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम सहकारीका अध्यक्ष भरत सापकोटाको सभाध्यक्षतामा साधारणसभा भएको थियो ।

# सामुदायिक प्रहरी सेवाकेन्द्रको अध्यक्षमा विष्ट

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ सामुदायिक सेवाकेन्द्र तथा सामुदायिक प्रहरी सेवाकेन्द्र जिल्ला कार्यसमिति मकवानपुरको १९ औं वार्षिक साधारण सभा तथा आठौं अधिवेशन शनिबार भएको छ ।

संस्थाका अध्यक्ष राम बिष्टको अध्यक्षता एवम् जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक सीताराम रिजालको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा अध्यक्षको प्रतिवेदन र कोषाध्यक्षको प्रतिवेदन सर्वसम्मत पारित गरिएको थियो । कार्यक्रमको उद्घघाटन गर्दै प्रहरीउपरीक्षक रिजालले संस्थाले समाजमा प्रहरी र समुदायबीच पुलको रुपमा रहेर काम गरेको बताए । अपराध नियन्त्रण तथा शान्तिसुरक्षाका लागि सबैको हितकारी संस्था सामुदायिक सेवाकेन्द्र रहेको उनले बताए । केन्द्रले गरेका कार्यको प्रसंशा गर्दै उनले थप सहजीकरण गर्न र संस्थाको गतिविधि बढाउन आग्रह समेत गरे ।

केन्द्रको आठौं अधिबेशनबाट पुन राम बिष्टको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । आगामी ३ वर्षका लागि बिष्टको अध्यक्षतामा २४ सदस्य नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो । उपाध्यक्षमा विनोद लामिछाने, सचिवमा रमिला सापकोटा, सहसचिवमा महेश्वरमान श्रेष्ठ र कोषध्यक्षमा रामप्रसाद कोईराला सर्वसम्मत चयन भएका छन् । सदस्यमा अच्युतराज मिश्र, विशलाल खड्गी, नवराज कोइराला, बिना थिङ, रिना सुवेदी, सीताराम पौडेल, नारायण खतिवडा, केशवप्रसाद न्यौपाने, लालबहादुरप्रसाद कुर्मी, रामचन्द्र ढुंगाना, ज्ञानेन्द्र देवकोटा, मिलन सेढाई, रोशन खनाल, लोकनाथ पुडासैनी, राजकुमार गौतम, कपिल अर्याल, मनोज जालान, केदार पुडासैनी, सूर्यबहादुर रोक्का चयन भएका छन् ।

# आत्मरक्षा प्रशिक्षक पुनर्ताजगी तालिमको समापन

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ बागमती प्रदेश युवा परिषद्को आयोजनामा हेटौंडामा सञ्चालन भएको तीनदिने आवशीय महिला आत्मरक्षा प्रशिक्षक प्रशिक्षण पुनर्ताजगी तालिम समापन गरिएको छ ।

परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईको अध्यक्षतामा कार्यक्रमको समापन गरिएको हो । तीनदिनसम्मको तालिममा हिंसाका प्रकार, आत्मरक्षाको महत्व, आत्मजागरण र हिंसा न्यूनीकरण गर्न कानुनी प्रावधान लगायतका विषयमा सैद्धान्तिक र प्रयोगात्मक ज्ञान दिइएको थियो । बागमती प्रदेश भित्रका २६ विद्यालयका २६ जना महिला शिक्षक सहभागी यस कार्यक्रममा किशोरी, बालिका र महिला घरपरिवार, विद्यालय र कार्यक्षेत्रमा असुरक्षित भएको रिर्पोटको आधारमा सुरक्षित बनाउनका लागि आत्मरक्षा विषयक तालिम संचालन गरिदै आएको छ । बितेको आर्थिक वर्षमा दिइएको तालिमलाई पुन पुनर्ताजगी गरिएको हो ।

तीन दिनसम्मको तालिममा सहभागीलाई, प्रशिक्षकलाई कार्यकारी उपाध्यक्ष चौलागाईले प्रमाणपत्र वितरण गर्दै आफ्ना क्षेत्रमा यस्ता तालिम निरन्तर रुपमा सञ्चालन गर्नका लागि आग्रह गरे । कार्यक्रममा हेटौंडा-११ का वडाअध्यक्ष जुना दाहाल, प्रहरी निरीक्षक चुडा खड्का, इक्वेल एक्सेसका उपाध्यक्ष जीवन शर्मा प्रद्रेश युवा परिषद्का कार्यालय प्रमुख सारदा मैनाली, सेल्फडिफेन्स एसोसिएसनका वरिष्ठ प्रशिक्षक सन्जु महर्जन र प्रशिक्षक बिनिता गुरुङलगायतको आतिथ्यता रहेको थियो ।

आइतबारसम्म भएको तालिम समापन गरिएको हो । बागमती प्रदेश युवा परिषद्ले चालु आर्थिक वर्षमा प्रदेश भित्रका १३ जिल्लामा तालिमपछि कम्तिमा विद्यालय र स्थानीय तहमा २० हजार बढीलाई तालिम दिन सक्षम प्रशिक्षक तयार पारिएको युवा परिषद्ले जनाएको छ ।

# तमु ल्होसार मनाउँदै गुरुङको नयाँ कार्यसमिति चयन

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ मकवानपुरमा रहेका गुरुङहरुले सामूहिकरुपमा तमु ल्होसार बनाउँदै तमु ह्युल छोंज धीं (गुरुङ राष्ट्रिय परिषद) को नयाँ जिल्ला कार्यसमिति चयन गरेको छ । ह्युई ल्होलाई बिदाई गर्दै मुप्री ल्होको स्वागत गर्दै पाँचौ जिल्ला अधिवेशनमार्फत् आईतबार हेटौंडामा नयाँसमिति चयन गरेको हो ।

केशरबहादुर गुरुङको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति सर्वसम्मत चुनिएको हो । समितिको उपाध्यक्षमा रमेश गुरुङ र रुपा गुरुङ, सचिवमा राजु घले, संगठन सचिवमा चन्द्रबहादुर गुरुङ, प्रचार सचिवमा लालबहादुर गुरुङ, कोषाध्यक्षमा पूर्णबहादुर गुरुङ, सहकोषाध्यक्षमा राधिका गुरुङ तथा सदस्यहरुमा किकबहादुर गुरुङ, गीता गुरुङ र बलबहादुर गुरुङ रहेका छन् ।

अधिवेशनले तमु ह्युल छोंज धींका केन्द्रीय सदस्य जंगबहादुर गुरुङको संयोजकत्वमा तमु ह्युल छोंज धीं मकवानपुरका निवर्तमान अध्यक्ष अमिर गुरुङ र पूर्वजिल्ला उपाध्यक्ष पुष्प गुरुङ रहेको तीन सदस्यीय सल्लाहकार समिति पनि गठन गरेको छ । उदघाटन कार्यक्रम तमु ह्युल छोंज धींका केन्द्रीय सदस्य जंगबहादुर गुरुङको प्रमुख आतिथ्य तथा तमु ह्युल छोंज धीं मकवानपुरका अध्यक्ष अमिर गुरुङको सभाध्यक्षतामा भएको थियो ।

कार्यक्रममा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मकवानपुरका अध्यक्ष अशोकसुजन श्रेष्ठ, सञ्चारकर्मी सुरेश गुरुङलगायतको आतिथ्य रहेको थियो । कार्यक्रममा तमु ह्युल छोंज धींका केन्द्रीय सदस्य जंगबहादुर गुरुङको संयोजकत्वमा गोबिन्दबहादुर गुरुङ, मीना गुरुङ सदस्य रहेको तीन सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो । तमु ह्युल छोंज धींको मकवानपुरको उत्तरीक्षेत्र पालुङ र पश्चिमीक्षेत्र मनहरीमा ईकाई समिति क्रियाशील छन् ।

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट



Ready To Eat
हाम्रा विशेषताहरु:
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३